# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- २९, २०७६ साल चैत्र ४ गते मंगलबार (March 17, 2020) www.janaakash.com.np मूल्य रु १०।-



जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


# त्रिशुली नदी जोगाउन कस्ले देला चासो

- त्रिशुली नदीलाई किन यस्तो बनाईदै छ ।
- क्रसर उद्योगले जथाभावी खोला खोतलेको खोतल्यैं ।
- मलेखु देखि गल्छीसम्म मात्र झण्डै ५० क्रसर उद्योग ।

प्राकृतिक स्रोतहरुको संरक्षण गर्नु सबै मानिसहरुको कर्तव्य हो । तर नेपालको त्रिशुली नदीलाई यतिवेला क्रसर उद्योगहरुले बालुवा, ढुङ, रोडा कुनै मापदण्ड नअपनाई जथाभावी प्रयोग गर्दा कुनै बेलाको सुन्दर नदी यतिखेर ढल बगेको जस्तो धमिलो भएर नदी चिन्न नसकिने गरी बगेको देखिन्छ । माथि फोटोमा पनि देखाइएको छ ।

प्राकृतिक स्रोतहरु कतिपय सिजनमा प्रयोग नगर्दा खेर पनि गइरहेका हुन्छन् खोलामा पाईने बालुव, गिटी, ढुङगा बर्खामा खोलाले बगाएर ल्याएको र नदीमा थुप्रेर बसेको प्राकृतिक स्रोत हुन । ति स्रोतहरुलाई सही ढङगवाट तरिका मिलाएर मात्र सदुपयोग गर्दा मानिसहरुलाई निर्माणको लागि चाहिने बालुवा, गिटी, ढुङगा पुर्ति पनि गर्न सकिन्छ साथसाथै नदीको बहावलाई नबिगारी नदीको प्राकृतिक सुन्दरतालाई पनि संक्षण गदै काम गर्न सक्नुपर्छ त्यसो गर्दा दुवै तर्फवाट फाईदा लिन सकिन्छ । त्रिशुलि नदीमा त्रिशुली च्याफ्टिङ प्रचलित छ । जाहा बार्षिक हजारौ संख्यामा बिदेशी पर्यटकहरुले त्रिशुली नदीमा च्याफ्टिङ गरेर तिरेको पैशाले नेपालको अर्थतन्त्रलाई टेवा पुऱ्याउदै आएको छ ।

तर जव सुख्खा मौसम शुरु हुदै छ त्यहिवेला धादिङ क्षेत्रमा पर्ने स्थानहरुमा र केही माथि नुवाकोट जिल्ला पर्ने क्षेत्रहरुमा संचालित क्रसर उधोगहरुले अनाधिकृत रुपमा प्रयोग गरेर बगिरहेको नदीलाई खोतलेर ढुङगा गिटी,बालुवा निकाल्दा नदी धमिलो भएर बगेको देख्दा र त्रिशुलीमा च्याफ्टिङ गर्न आएका पर्यटकहरुलाई मनै खिन्न हुने गरेको एकजना ट्रभल एजेन्सीका संञ्चालकको गुनसो पनि रहेको छ ।



कुनै मापदण्ड नपनाई खोलालाई त्यो मात्र नभएर नदीमा पाईने जलचरहरु लोप हदै गएका छन् बर्षको बेला भेलबडी आउदा लोप भएका जलचर जस्तै बाँकी २ पृष्ठमा

## पुर्व अर्थमन्त्री जवराको निधनमा शोकसभा

# विभिन्न व्यक्तिले सम्झे जबरालाई

- सुमन ढुंगाना

काठमाडौं । पुर्व अर्थमन्त्री एवं नेपाल निती अध्ययन केन्द्रका संस्थापक सल्लाहकार मधुकर शम्शेर जबराको निधन भएको छ । वहाको निधन प्रति शोक व्यक्त गर्नका निमित्त राजधानीमा एक शोक सभाको आयोजना गरिएको थियो । सो शोक सभाको सभापतित्व एवं अध्यक्षता नेपाल निती अध्ययन केन्द्रका अध्यक्ष पूर्व प्रधान सेनापती प्याराजंग थापाले गर्नु भएको थियो ।

सो समारोहमा शोक मन्तव्य व्यक्त गर्ने क्रममा सोही कार्यक्रमका अतिथि प्राध्यापक रामकुमार पाण्डेले राजाको शासनकालमा भएतापनि स्वर्गीय मधुकर महत्वपुर्ण बजेट भाषण गर्ने व्यक्ति रहेको जनाउदै स्वर्गीय मधुकर ले जति काम गर्नु भयो आफ्नो जिवनकालमा त्यो नेपाल र नेपाली कै हितका निमित्त कार्य गर्नु भएको बताउनु भएको थियो । वहाले अगाडी भन्नु भयो "मधुकर बौद्धिक व्यक्तित्वका धनी थिए साथै साहित्यीक क्षेत्रमा समेत अब्बल थिए उनको अवसानले नेपालमा एक "थिंक टयाङ्क" को अभाव भएको छ । जिवनकालभर नेपाली जनताको हितका निमित्त लागि परि कार्य गर्ने व्यक्ति पूर्व अर्थमन्त्री मधुकर शम्शेर जबराको जीवन साह्रै सादगीपुर्ण रहेको विचार समेत वहाले उक्त कार्यक्रममा व्यक्त गर्नु भएको थियो ।

अतिथिको आसनबाट मन्तव्य व्यक्त गर्नेक्रममा सोही कार्यक्रमका अर्का अतिथि श्याम के.सी.ले पुर्व अर्थमन्त्री मधुकर शम्शेर जबराको व्यक्तित्व माथि प्रकाश पार्दै स्वर्गीय मधुकर आफ्नो जिबनकै सर्वाधिक निकटको व्यक्तित्व रहेको बताउनु भएको थियो । वहाले सो कार्यक्रमा स्वर्गीय मधुकर देशको पछिल्लो अवस्थाका विषमया साह्रै चिन्तित रहेको जनकारी समेत दिनु भयो साथै वहाले राजसंस्था, राजा र हिन्दुराष्ट्रलाई स्थापना गर्ने योजनामा स्वर्गीय मधुकर र आफू संगै कार्य गरी नेपाली जनतालाई सचेत वनाउदै हिडेको जनाउदै स्वर्गीय अर्थमन्त्री मधुकरको निधनले राष्ट्रले एक ठूलो विद्वान व्यक्तित्वलाई गुमाउनु परेको र वहाको व्यक्तित्वको अभावको महसुस नेपाली जनताले पछिल्लो समयमा अवश्य गर्ने छ भन्ने मनसाय समेत व्यक्त गर्नु भएको थियो ।

सो शोकसभामा शोक मन्तव्य व्यक्त गर्ने क्रममा सोही समारोहको सभापतित्व गरि रहनु भएका सो नेपाल निती अध्ययन केन्द्रका अध्यक्ष पूर्व प्रधान सेनापती प्याराजंग थापाले स्वर्गीय मधुकर शम्शेर जबरा अर्थमन्त्री भएको समयमा बेलायती सरकारबाट समेत तत्कालिन नेपालको सरकालाई पुर्ण साथ एवं समर्थन रहेको बताउनु भयो । सो कार्यक्रममा मधुकर शम्शेर राणाको निधन प्रति शोक प्रस्ताव समेत पारित गरिएको थियो । सोही सभामा उक्त संस्थाकी सल्लाहकार श्रीमती कमला थापाबाट स्वर्गीय मधुकर शम्शेर जबर ा जस्तो ओजीलो व्यक्ति नेपालले विर लै पाउने बिचार व्यक्त गर्नु भएको थियो । बाँकी २ पृष्ठमा

# बुढाथोकीको नेतृत्वमा सर्वसहमत १३ सदस्यीय कार्यसमिति चयन

काठमाडौं । समृद्ध नेपालका लागि राष्ट्रिय उत्पादन, सक्षम कर्मचारी संगठन , गुणस्तरीय सेवा, कम्पनीको सुदृढीकरण भन्ने मुल नाराका साथ बुटवल, रूपन्देहीमा सम्पन्न चौथो महाधिवेशनले पुस्करदीप बुढाथोकीको अध्यक्षतामा १३ सदस्यीय केन्द्रीय समिति तथा ४ सदस्यीय सल्लाहकार समिति सर्व सम्मतरूपमा निर्वाचित भएका छन् । निवर्तमान कृषि कम्पनी लिमिटेड अन्तर्गतको कर्मचारी संगठनको बरिष्ठ उपाध्यक्ष रहिसक्नु भएका बुढाथोकीले बिगतमा कर्मचारी संगठनमा दिएको योगदान र खेलेको भुमिकाको उच्च मुल्याङकन गरेर सर्व सम्मत अध्यक्षमा निर्वाचन गरेको कर्मचारीहरुले बताएका हुन् । हरेक कामलाई सफा सोच राखेर काम गर्ने



क्षमता भएका बुढाथोकीले कृषि कम्पनी लिमिटेडको बिभिन्न शाखाहरुमा काम गर्दा पनि असाध्यै राम्रोसँग कार्यसम्पादन गरेर उत्कृष्ट कर्मचारीको परिचय बनाइसक्नु भएको छ ।

हालको चौथो महाधिवेशनवाट अध्यक्षको महत्वपुर्ण पदमा सर्वसम्मत निर्वाचन भएपछि आम कर्मचारीहरुमा थप शक्ति र आत्म बिश्वास बढेर गएको देखिन्छ ।

नव निर्वाचित पदाधिकारीहरुको नामावली यस प्रकार रहेका छन् । अध्यक्षमा पुस्करदीप बुढाथोकी, वरिष्ठ उपाध्यक्ष पुष्पराज पोखरेल, उपाध्यक्ष नरेस कुमार सापकोटा, सुमन पन्थी महासचिव दिपक कुमार राजवंशी, सचिव लिलाधर वली, कोषाध्यक्ष योगेन्द्र कुमार पराजुली रहेका छन् । त्यस्तै सदस्यहरुमा चेत बहादुर पाण्डे, दोज प्रसाद बगाले, गणेश प्रसाद घिमिरे, राम काफ्ले, सिताराम श्रेष्ठ, रचना भट्टराई, सल्लाकारहरुमा मोहन सिंह केसी, नवराज महत, नारायण प्रसाद शर्मा, रुपबहादुर कुँवर लगायत निर्वाचित हुनुभएको हो ।

# समाजवादी दोलखाको अध्यक्षमा शेर्पा र सचिवमा खड्का

काठमाडौं । समाजवादी पार्टीले दोलखामा संगठन विस्तार गर्न सफल भएको छ । पार्टीले शनिवार एक भेला गरेर दोलखा-काठमाडौं समन्वय समिति विस्तार गरेको हो ।

उक्त समितिको नेतृत्व पेमा साङ्वो शेर्पाको अध्यक्षतामा १६ सदस्यीय कार्य



समिति चयन गरेको छ भने दोलखा-काठमाडौं समन्वयको सचिवमा सन्तोष खड्का चयन भएका छन् । त्यस्तै उपाध्यक्षमा गणेश थामी, सहसचिव आङकाजी शेर्पा, कोषाध्यक्ष नविना श्रेष्ठ. रहेका छन् । त्यस्तै सदस्यहरुमा रामकाजी भण्डारी, केदार थापा, मिङमा छिरिङ शेर्पा, लालकुमार खड्का, जनक अधिकारी, दिपेश थापा, प्रकाश थोकर, धन बहादुर मगर, रमेश थामी, खेम खड्का, पेम्बा शेर्पा रहेका छन् ।

दोलखाबाट काठमाडौं आइ विभिन्न पेशा व्यवसायमा सक्रिय युवा तथा राजनीतिक हस्तीहरू समितिमा आवद्ध भएका हुन् । पार्टीले अब दोलखा जिल्लाका जनताका बीचमा पुगेर बिविध रचनात्मक सेवामुखी बाँकी २ पृष्ठमा


## हार्दिक शुभकामना

कृषि कम्पनी लिमिटेड कर्मचारीको चौथो महाधिवेशनवाट पुस्करदीप बुढाथोकीको नेतृत्वमा सम्पूर्ण पदाधिकारीहरु सर्वसम्मत निर्वाचित हुनु भएकोमा सफलकार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



जन आकाश

मोहन कार्की

जन आकाश मिडिया प्रा.लि.

‘मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।’- *मोहन कार्की*

## सम्पादकीय

# नयाँ बर्षमा गाउँ घुम्न जाऔं

यतिवेला काठमाडौं उपत्यका लगायत शहरहरुमा कोरोनाको त्रास बढीरहेको बेला नेपालका गाउँघर तिर चैत्रका पालुवाहरु लहलहाउदा भईरहेका छन् । हिमालहरु उज्यालो बनेर हासिरहेका छन् । पाहाडहरुमा लाँली गुराँश फुलेर पाहाडै राताम्यै भएका छन् । बिभिन्न प्राकृतिका फुलहरु फुलेर बनै रमाईलो गाउँ नै रमाईलो भएको छ । खोलाहरु सफा बनेर बगीरहेका छन् । अकाशमा थरिथरिका चराहरु रमाईलो मान्दै सलबलाई उडिरहेका छन् । बिभिन्न प्रकारका फुलहरु फुलेर गाउँ पाखा जङ्गल जतातती उज्यालो रङगी चङगी भईरहेको छ ।

काठमाडौं लगायत शहरमा कोरोनाको त्रासले उकुस मुकुस भएर डराई डराई हिड्नु भन्दा गाउँघरमा आनान्दसँग एक्ला एक्लै हिड्न चाहेमा घुम्न चाहेमा सम्भव छ । गाउँघरको हावापानी सुद्ध, सफा रहेको हुदा र गाउँघरमा फलेका फलफुल, सागपात, लगायत स्वास्थ्यका लागि राम्रो पाईन्छ । त्यसकारण नजिकिदै गएको २०७७ सालको शुभ अवसरमा र कोरोनालाई समेत छल्न आफ्नो जन्मभुमिमा फर्केर एक महिने अभियाँन थालौ र गाउँ घुम्न जाऔं योजना बनाऔं ।

यहि अवसर पारेर आफु गाउँमा जन्मेको हुर्केको पढेको खेलेको ठाउँमा साथीभाईसँग भेट्ने अवसर पनि हुन्छ त्यसले आफ्नो बिगत सम्झाउन मदत गर्छ नेपालवाट युवा पुस्ताहरु देश छोडेर गाउँ छोडेर सक्षम ब्यात्तिहरु अन्तै जादा नेपालको बिकाश हुन सकेको छैन । ति बिगतमा भोगेका दुखःत सम्झेर सवै नेपालीले आफ्नो गाउँ आफैले नबनाए बन्दैन भन्ने चेत समेत खुल्न सक्छ यो अवसर पनि हुन्छ काठमाडौं लगायत शहरमा डराएर बसेका शहरीया भनिएका पहिला गाउँघरका मानिसहरुले आफ्नो गाउँ चिनाउन शहरमा बनेका साथीभाईलाई समेत लिएर गाउँ जानुपर्छ यो समय ठिक समय पनि हो । घुम्नलाई पाहाडी बाटोहरु पनि सुरक्षित नै हुन्छन् । हावापानी पनि मिलेको हुन्छ । यो सवै कुराले ठिक भएको अवसर हो । यो अवसरलाई सवै शहरबासीहरुले सदुपयोग गर्न सक्नु पर्छ । त्यसैले नयाँ बर्षको सध्यामा गाउँ घुम्न जाउ मनको त्रास मेटाऊ नेपालको भुगोल पनि हेरौं सधै अर्काको देशको गुनगान गाउन जान्ने हामीहरुले आफ्नै देश नेपालको प्राकृतिक सुन्दरता हेरेर, देखेर आएपछि जति बिदेशको गुनगान गाउथ्यौ त्यसैगरी नेपालको बास्तविकता पनि गाएर भनेर प्रचार गरौं । जसले नेपालको पर्यटन बर्षलाई मदत गर्छ ।भने कतिपयलाई घुम्न जादा यो ठाउँमा यो उधोग, ब्यापार गर्न पाए यति आम्दानी गर्न सकिन्थ्यो भन्ने सोचाई आउन सक्छ घुम्न जानु पनि एउटा प्रगतिको आयाम हो । हरेक अप्ठ्याराहरुलाई पनि अवसरमा बदल्न सकिन्छ । मात्र हामीसँग ईच्छा शक्ति चाहिन्छ ।

# कोरोना महामारी र यसको रोकथाम

**मोहन कार्की**

कोरोना भाइरस कोभिड (१९) को संत्रास चितवनमा व्याप्त भएको छ । गतः विहिवार दिनभर भरतपुर असपतालको आसपास निकै हल्ली खल्ली भयो । मानिसहरु ढोका थुनेर आ-आफ्ना घर भित्र बस्न थाले । अस्पतालमा उपचार गर्न आएका विरामी र तिनका आफन्तहरु अस्पताल छोडेर बाहिर निस्कने क्रम बढ्न थाल्यो । यसरी भरतपुर भरि कोरोना भाईरसको विरामी अस्पतालमा भर्ना भएको भन्ने अपुष्ट खवर बाहिरिएको छ नारायणगढ बजार पनि केही हदसम्म प्रभावित बन्यो ।

अष्ट्रेलियाबाट हालै चितवन आएका एक नेपाली नागरिकमा कोरोना भाईरसको आशंका देखिएको भन्दै भरतपुर अस्पतालको आकस्मिक कक्षमा लगिएको र त्यसपछि डाक्टरहरुको परामर्शमा एचडिए युनिटमा राखिएको खवर बाहिरिए पछि संत्रास ब्यापक रुपमा फैलिएको हो । ती व्यक्तिमा उच्च ज्वरो, साधारण रुघाखोकी र टाउको दुख्ने गरेको र कोरोनाको लक्षण संग मिल्दो जुल्दो भएको भन्दै विरामीको रगतको नमुना संकलनका लागि केन्द्रिय प्रयोगशाला काठमाण्डौमा पठाइएको चिकित्सकहरुको भनाई छ । विरामीको नमुना शुक्रवार राती भरतपुर अस्पतालमा प्राप्त भएको रिपोर्ट नेगेटिभ निक्लेको अस्पतालको भनाई रहेको छ । शनिवार विहान स्थानीय एफएम रेडियोहरुले ती व्यक्तिको नमुना रिपोर्ट नेगेटिभ भएको प्रसारण गरेका थिए ।

कोरोना के हो ? कसरी फैलन्छि र यसको संक्रमण कस्तो हुन्छ भन्ने जानकारी नहुँदा समाजमा अनेक प्रकारका झुठा अफवाह फैलने गर्दछ । जसले मानिसहरुलाई व्यर्थैमा तनाव उत्पन्न गराईदिन्छ । यसरी तनाव झेलिरहेको समाजमा रुघा खोकी लाग्दा पनि ‘लौ कोरोना आयो’ भन्दै व्यर्थैमा तड्पिईरहने हो भने मौसमी रुघा खोकीले पनि विकराल रुप लिन सक्छ भन्ने चिकित्सकहरुको भनाई छ । मौसमी रुघा खोकीलाई पनि कोरोना हो कि भन्दै चिन्तित भइरहने र चिकित्सको सल्लाह पनि नलिने हो भने साँच्चैको कोरोनाले त्यस्ता व्यक्तिमा संक्रमण गर्छ । किनकी रोगको प्रतिरोधात्मक क्षमता नहुने हुदा संक्रमण हुने चिकित्सकहरुको मान्यतालाई हामीले अनुशरण गर्न सक्नु पर्दछ ।

दीर्घ रोगी जस्तै सुगरको विरामी, मृगौला र अन्य अर्वुध रोगका थुप्रै रोगीलाई कोरोरनाले सजिलै आक्रमण गर्दछ र उपचार गर्न निकै महंगो सावित हुन्छ । यसरी हामीहरुले उच्च मनोवलका साथ कोरोना भाइरसको डटेर सामना गर्न सक्नुपर्दछ । सधै सफा रहने घर वरिपरि सफा राख्ने, किचन र बस्ने सुत्ने कोठा सफा राख्ने र दिनमा ४।५ पटक सावुन पानीले हात धोइरहने वानी बसालने हो भने कोरोनाबाट केही हदसम्म बच्न सकिन्छ । भिडभाडमा नजाने र घरमै बसेर उमालेको पानी खाने, ताजा फलफुल खाने, वासी सडेगलेको खानेकुरा नखाने र सफा कपडा लगाइरहने वानी बसाल्ने हो भने धेरै रोगबाट मुक्ति पाउन सकिन्छ ।

जे होस् चितवनमा आधिकारिक रुपमा कोरोना भाइरस नदेखिए पनि सचेत हुनु पर्नेमा चिकित्सकहरुले जोड दिएका छन् । चितवन कुखुरा उत्पादनको क्षेत्रमा प्रख्यात छ । यहाँ पोल्ट्री व्यवसाय गर्नेहरु धेरै छन् । थप्रै पोल्ट्री फर्महरु यहाँ छन् । कोरोनाले सर्व प्रथम पोल्ट्री व्यवसाय माथि संक्रमण फैलाउछ र पछि गएर त्यसको असर सम्पूर्ण चितवन भरी पर्दछ । घर, समाज चारैतिर संक्रमण फैलाउने जोखिम रहन्छ । त्यसैले चितवन कोरोनाको उच्च जोखिममा रहेको छ । आफै सतर्क हुदै र सवैतिर कोरोना भाइरस वारे सचेतना जगाउदै जाने तर्फ भरतपुर महानगरपालिका, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालयका साथै स्थानीय निकाय र गैह्र सरकारी संस्थाहरुले आवश्यक पहलकदमी गर्न जरुरी भइसकेको छ ।

कोरोना त्रासबाट चितवनका निजी तथा सरकारी विद्यालय चैत्र ५ गते देखि अनिश्चितकालसम्म बन्द हुदैछन् । यता भरतपुर महानगर पालिकाले पनि संभावित कोरोना संक्रमणबाट बच्न सबैसंग अपिल गरेको छ । जिल्ला प्रशासन कार्यालय पनि संभावित कोरोना संक्रमणबाट बच्न सबैसंग अपिल गरेको छ । जिल्ला प्रशासन कार्यालयको समन्वयमा गाऊँ नगरका वडा सम्म कोरोना सचेतना गराउने र कमिटि गठन गर्ने काम हुदैछ । यसरी प्रशासनिक तह र जनप्रतिनिधि तहबाट कोरोना भित्रिन नदिने सावधानी अपनाइए पनि संक्रमण भइहालेमा के कस्तो उपायको अवलम्वन गर्ने भन्नेमा महानगरपालिका र प्रशासन वेखवर छन् ।

यता आइसोलेसन वार्डमा भर्ना गरिएका शंकास्पद विरामीलाई चिकित्सकहरुले उपचार जारी राखेका छन् । तर काठमाण्डौ केन्द्रिय प्रयोगशालाबाट नतिजा नेगेटिभ देखिएपछि विरामीको डिस्चार्ज हुने संभावना बढी छ । तर शहर बजार र गाउघर तिर सरकारले संक्रमित विरामीको स्वास्थ्य अवस्था लाई ढाकछोप गर्न लागेको हल्ला छ । भरतपुर अस्पतालका मेसु डा. श्रीराम तिवारीका अनुसार संक्रमित कोरोना विरामी अस्पतालमा नरहेको वताएको छ ।

विश्व स्वास्थ्य संगठन (



**मोहन पोखरेल**

डब्लुएचओ) ले नेपाललाई कोरोनाको संभावित जोखिममा रहेको स्पट पारेको छ । दक्षिण एसिया, युरोप हुदै अमेरीकी राज्यहरुमा पुगेको कोरोना यतिखेर अफ्रिका पुगेको छ । संसारै हल्लाउने गरी तिव्र गतिमा फैलिदै गएको यस डरलाग्दो भाइरसले भारत, नेपाल, पाकिस्तान र अफगानिस्तान लगायतका सार्क राष्ट्रलाई नछोड्ने डब्लुएचओले एक विज्ञप्ती मार्फत् जानकारी गराउदै सचेत र सावधानी अपनाउने अनुरोध गरेको छ ।

यसै बिच भारतिय प्रधानमन्त्री नरेन्द्र मोदीले सार्क राष्ट्रलाई कोरोनाबाट बचाउन अपिल गरेका छन् । सार्क राष्ट्रमा राष्ट्र प्रमुख देखि उच्च तहका सबै निकायलाई अनुरोध गरेका छन् । भारतमा पनि कतै-कतै देखिएको कोरोना भाइरसलाई भारतले नियन्त्रणमा ल्याउनेमा प्र.म. मोदी क्रियासिल रहेको भारतीय मिडियाहरुले प्रसारण गरेका छन् ।

यसरी कोरोना भाइरसलाई डब्लु एच ओ ले खतरनाकको संज्ञा दिदै विश्व महामारी हुन सक्ने औंल्याएको हुनाले सचेतता अपनाउनु पर्ने अहिलेको टड्कारो आवश्यकता हो ।

## पूर्व....

सो शोकशमामा उपस्थीत नेपाल निती अध्ययन केन्द्रका उपाध्यक्ष एवं पुर्व राजदुत डा. रामभक्त पि.भी. ठाकुर , महासचिव राजु चित्रकार सदस्यहरु डा. प्रदिप गिरी अस्मिता भण्डारी, निगम हुमागाई, सीताराम चौधरी, तथा सल्लाहकारहरु प्रा.डा. मोहन प्रसाद लोहनी, पुर्व प्रशासक डा. द्वारीका नाथ ढुंगेल समेतले पुर्व अर्थमन्त्री स्वर्गीय मधुकर शम्शेर जबराको व्यक्तित्वको विविध विषयमा चर्चा गर्नु भएको थियो सो शोकसभाको संचालन प्रा. डा.यादब प्रसाद ढुंगानाले गर्नुभयो वहा सो संस्थाको कोषाध्यक्ष समेत हुनुहुन्छ । साथै उक्त शोकसभा को समापन नेपाल निती अध्ययन केन्द्रका संस्थापक अध्यक्ष पुर्व प्रधान सेनापति प्याराजंग थापाले गर्नु भएको थियो ।

## त्रिशुली....

माछा, भ्यागुता, पानी सर्प लगायत नदीमा पाईने जलचरहरुलाई समेत असर पुग्नेगरी नदी खोतलेको त्रिशुली नदी आसपास भएर यात्रा गर्ने जोकोही यात्रुले सहजै देख्न सकिन्छ । ठुला ठुला मेशिनले नदीको बीच भागमा पुगेर पानी भित्रवाट ढुङगा, गिटी, बालुवा निकालेको ।

नदीको किनारमा थुप्रिएको बालुवा, गिटी, ढुङगा नदीलाई असर नपुऱ्याईकन निकाल्दा केही फरक पर्दैन र स्थानीयले पनि त्यस स्रोत प्रयोग हुदा रोजगारको अवसर पाउछन् दुवै क्षेत्रलाई समेट्ने गरी काम गर्नुपर्ने विकल्प हुदाहुदै पनि अत्याधुनिक मेशिनहरु प्रायोग गरेर प्राकृतिक सौदर्यलाई नै असर पुऱ्याउने गरी गरिएको त्रिशुली नदी माथिको दोहनलाई नरोक्ने हो भने नेपालका हरेक नदीहरुको जथाभावी प्रयोग हुनसक्छ र भोलिका दिनमा अन्य नदीहरुलाई पनि त्रिशुलीमा त यस्तो गर्न भएको छ याहा किन बालुवा ढुङगा खोतल्न हुदैन भनेर सवै नदीका किनारमा त्रिशुलीमा जस्तै क्रसर उद्योग खोलेर क्रसर उधोगहरुले काम गर्न थालेभने नेपालको प्राकृतिक सौदर्यलाई नै बिगादै जाने र नेपालको सुन्दर नदीहरु

कुरुप बन्ने त होइनान् चिन्ताको बिषय बनेको देखिन्छ ।

स्थानीय सरकार के गदैछ ।

नेपालमा नयाँ संविधान जारी भईसकेपछि स्थानीयलाई दिएका केही अधिकारहरु प्रयोग गरेर प्राकृतिक स्रोतको अधिकार स्थानीय सरकारले गदै आएका छन् । त्यसमा खोलको बालुवा, गिटी, ढुङगाको टेण्डर नै खोलेर स्थानीय क्षेत्रभित्र पर्ने स्थानीय सरकारले आम्दानीको स्रोत बनाएको छ । तर त्यही स्रोत कसरी परिचालन गर्ने ब्यवस्थित गर्न भने चासो राखेको पाईएको छैन ।मात्र आम्दानीको हिसाव गरेको देखिन्छ । बातावरणीय प्रभाव र मापदण्ड पुऱ्याएर मात्र प्राकृतिक स्रोत साधन परिचालन गर्नुपर्ने नियम भएपनि त्यो मापदण्ड धेरै जति ठाउँहरुमा लागु भएको देखिदैन । झनै त्रिशुली नदी त नेपालको मुख्य राजमार्ग नजिकै भएर बग्ने नदी भएको कारण राष्टि्रय( अन्तराष्टि्रय क्षेत्रमा समेत महत्व राख्ने हुदा यसको व्यवस्थापन राम्रो बनाउन स्थानीय सरकार लाग्नुपर्नेमा त्यसतो खालका कामहरु धादिङका स्थानीय सरकारहरुले गरेको देखिदैन । यस्ता कार्यले भोलिका दिनमा नेपालको प्राकृतिक स्रोतहरुको संक्षण हुन नसकेर नेपालको सुन्दरतालाई समेत असर पुग्ने देखिन्छ त्यसर्थ सम्बन्धित निकायहरुले बेलैमा ध्यान दिएर काम गर्नु उचित होला कि ?

## राजनीतिक......

राजनीतिक दलका नेताहरुलाई सचेत गराउन चाहन्छु कि कतै हाम्रो पहिचान विलुप्त हुने त हैन अहिलेको राजनीतिक परिस्थिति त्यसतर्फ गै रहेको कारण नेपालमा राजसंस्थाको खाँचो छ, नेताका नाममा राष्टि्रय सम्पत्तिमा लुट मच्चाउने प्रवृत्तिको विकास अहिले भै रहेको छ, देश अस्थीर छ, त्यहि कारण पनि हामी सबै मिलेर हिन्दू राष्टृ र राजसंस्थाको स्थापना गर्नु पर्दछ यो देशको आवश्यकता हो ।

**दिगो शान्तिको मार्गचित्रमा प्रवेश गरीसकेको नेपाललाई पुनः द्वन्द्वको स्थितिमा फर्काउने छ ?**

-स्थिरताका नाममा कार्यकारी राष्ट्रपतिको असान्दर्भिक सपना देख्ने पुष्पकमल दाहालको नियति, फेरी क्रान्तिको नाममा बन्दुक वोक्न पुगेका नेत्र विक्रम चन्दको धार, नेतृत्वको आचरण, व्यवहार र कार्यशैलीका कारण देश दिगो शान्तिको मार्गमा प्रवेश गरिसकेको भन्ठान्नु सर्वथा मित्था हो । सत्तासिन नेकपा र प्रतिपक्षि काँग्रेसको अहिलेको नियमित प्रकृया भनेको एकले अर्कोलाई लडाउने भिडाउने रहेको कारण यस्तो राजनीति विराम दिनका लागि पनि देशमा संवैधानिक राजतन्त्र, हिन्दु राज्यको खाँचो छ ।

## समाजवादी...

काम गर्दै जनताको सेवा गर्दै मन जित्ने काम गर्ने नयाँ समितिमा आवद्ध पदाधिकारीले प्रतिवद्धता जनाएका छन् ।

## कांग्रेस...

फारम लगिसकेको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । जिल्ला कार्यसमितिले विद्यमान सङ्ख्या बराबर नवीकरणका लागि र त्यसको ५० प्रतिशत नयाँका लागि क्रियाशील सदस्यता फाराम लगेको उहाँले बताउनुभयो । क्रियाशील सदस्यता वितरण र नवीकरणका लागि गत फागुन १६ गतेदेखि फारम वितरण शुरु गरी यही चैतसम्म सम्पन्न गर्नुपर्ने कार्यतालिका सार्वजनिक गरिएको छ ।

सङ्गठनमा महत्वपूर्ण मानिने काँग्रेसका क्रियाशील सदस्य सङ्ख्या हाल स्वदेश र विदेश (काँग्रेसका जनसम्पर्क समिति) गरी करिब पाँच लाख रहेको पार्टी कार्यालयले जनाएको छ । केन्द्रीय कार्यसमितिको गत माघ २९ गतेको बैठकले विद्यमान क्रियाशील सदस्य सङ्ख्याको बढीमा ५० प्रतिशत नयाँ क्रियाशील सदस्यता प्रदान गर्ने निर्णय गरेको थियो । यसैगरी काँग्रेसमा समायोज भएका नेपाल लोकतान्त्रिक फोरम, अखण्ड नेपाल, नेपाल समता पार्टीलगायत दल र पार्टीको जागरण अभियानका क्रममा देशभर विभिन्न राजनीतिक दलबाट काँग्रेसमा प्रवेश गरेका नेता कार्यकर्तालाई पनि छानबिन गरी आवश्यकताअनुसार क्रियाशील सदस्यता प्रदान गरिने उहाँले बताउनुभयो । काँग्रेसले मुलुकको नयाँ सङ्घीय संरचना अनुसार पार्टीको अन्तरिम संरचना समायोजनको काम पनि अन्तिम चरणमा पुगेको जनाएको छ । पार्टी कार्यालयका अनुसार हालसम्म ५० जिल्लाले पूर्ण र बाँकी जिल्लाले ९० प्रतिशत समायोजनको काम सम्पन्न गरेका छन् । काँग्रेसले क्रियाशील सदस्यता वितरण र नवीकरण गर्न तथा पार्टीका विभिन्न तहका साङ्गठनिक संरचनाको अधिवेशन र केन्द्रीय महाधिवेशन सम्पन्न गर्ने प्रयोजनका लागि मात्र विधानका केही दफा निलम्बनसमेत गरेको प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिनुभयो । काँग्रेसको सदस्यता प्राप्त गरेको सदस्यले एक वर्ष पुगेपछि मात्र क्रियाशील सदस्यता प्राप्त हुने विधानको व्यवस्था छ । केन्द्रीय समिति बैठकले १४औं महाधिवेशनका लागि ‘साधारण सदस्यता लिएको एक वर्ष पुगेपछि’ मात्र क्रियाशील सदस्यता प्राप्त हुने प्रावधानलाई निलम्बन गरेको छ । प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले वितरण गरेको नयाँ क्रियाशील सदस्यता र जिल्ला कार्यसमितिले नवीकरण गरेको क्रियाशील सदस्यताको सूची प्रकाशन, केन्द्रमा पठाउने, छानबिन गरी केन्द्रीय कार्यालयले केन्द्रीय सभापतिबाट प्रमाणित क्रियाशील सदस्यताको नामावलीको अन्तिम सूची २०७७ साल साउनसम्म केन्द्रीय निर्वाचन समितिलाई बुझाउनुपर्ने अवधि निर्धारण गरिएको प्रवक्ता शर्माले बताउनुभयो ।

# यो चिकित्सा प्रणाली अत्यन्त राम्रो प्रभावकारी छ



## डा. जे.वि. पाठक

*डा. जे. वि. पाठक चितवनको होमियोप्याथिक क्लिनिकमा कार्यरत हुनुहुन्छ । होमियोप्याथिक प्रणाली अन्तर्गत के कस्ता बिरामीको उपचार सम्भव छ ? भन्ने जिज्ञासाको साथ जनआकाश साप्ताहिकका तर्फबाट पत्रकार मोहन पोखरेलले डा. पाठकसँग लिएको अर्न्तवार्ता यहाँ प्रस्तुत गरिएको छ । उहाँ कलकत्ता विश्व विद्यालयबाट काउन्सिल अफ होमियोप्याथिक मेडिसिन पश्चिम बंगालबाट र होमियोप्याथिक चिकित्सा प्रणालीमा स्नातक सम्मको अध्ययन गर्नु भएको छ ।*

**नेपालमा** होमियोप्याथिक **चिकित्सा प्रणालीको अवस्था कस्तो छ ?**

नेपालमा होमियोप्याथिक चिकित्सा प्रणालीको शुरुवात वि.सं. २००७ साल भन्दा पहिले देखि भएको हो तर विशेष गरी वि.सं. २००७ सालमा स्थापना भएको अखिल नेपाल होमियोप्याथिक संघको स्थापना र पशुपति होमियोप्याथिक अस्पतालको स्थापनाबाट शुरु भएको मानिन्छ । मान्यता प्राप्त चिकित्सा प्रणालीहरु एलोपैथिक, आयुर्वेदिक, होमियोप्याथिक र युनानी इत्यादि छन् । नेपालमा होमियोप्याथिक चिकित्सा प्रणालीको इतिहासलाई मुल्याङ्कन गर्दा छिमेकी मुलुक भारतको तुलनामा यस चिकित्सा प्रणालीको विकास र विस्तार न्यून छ । थोरै खर्चमा धेरै बिरामीहरुले उपचार पाउने यस चिकित्सा प्रणालीलाई राज्य पक्षबाट हालसम्म विशेष ध्यान नपुऱ्याएको अवथा छ । यसको ठीक विपरित भारतमा ३७ ओटा विश्वविद्यालयको १२५ ओटा सरकारी मेडिकल कलेज र अस्पतालहरु एवं भारतको सरकारले होमियोप्याथिक चिकित्सा पद्धतिको विकास र विस्तार को लागि Central Council of Homeopathy एवं Ayush मन्त्रालयसम्म स्थापना गरी सकेको छ । ठीक यसको विपरित नेपालमा न्यून छ ।

**यो चिकित्सा प्रणाली कत्तिको प्रभावकारी छ ?**

यो चिकित्सा प्रणाली अन्य चिकित्सा प्रणाली भन्दा अत्यन्त राम्रो प्रभावकारी छ । दक्ष एवं अनुभवि चिकित्सकको सल्लाह बमोजिम औषधी सेवन गरेमा Side Effect नहुने भएकोले प्रभावकारी छ ।

**कस्तो रोगमा यो प्रणालीले काम गर्दछ ?**

प्रायः जसो यो सबै रोगमा यस चिकित्सा प्रणालीको औषधीले काम र म्रो गर्दछ तर विशेष दिर्घकालिन र ोगहरु जस्तै पाइल्स, फिस्टुला, वाथ, दम, पुरानो ग्याष्ट्रिक (Chronic Gastritis) मृगौलाको पत्थरी, छाला सम्बन्धी समस्या इत्यादि रोगहरुमा र म्रो काम गर्दछ ।

**औषधी कति दिन सम्म सेवन गर्नु पर्नेहुन्छ ?**

बिरामीको अवस्थालाई मूल्यांकन गरी चिकिस्कले औषधी सेवन गर्ने दिन वा महिना तोकिएको छ ।

**क्यान्सर जस्तो प्राणघातक रोग निवारणमा यो प्रणाली कत्तिको प्रभावकारी छ ?**

भारतमा Central Council of Research in Homeopathy ले क्यान्सर जस्तो प्राणघातक रोग निवारणको Research गरी रहेको छ । आशा गरौ निकट भविष्यमा क्यान्सरको लाग Homeopathic Medicine बजारमा आउने छ ।

**होमियोप्याथिक चिकित्सा प्रणाली विश्वमा कसरी आयो ?**

यस चिकित्सा प्रणाली सन् १७९५ सालमा जर्मनका प्रसिद्ध चिकित्सक डा. समयुल हैनिकोनले स्थापना गर्नु भएको हो । जर्मन हुँदै विश्वव्यापी भएको हो ।

**दिर्घकालिन रोगमा यो कत्तिको सहयोगी बन्छ ?**

दिर्घकालिन रोगहरुमा होमियोप्याथिक औषधीहरु सबैभन्दा प्रभावकारी छ । विशेष गरी वाथ, दम, Prostate सम्बन्धी समस्या पेट सम्बनिध समस्याहरुमा अति नै भावकारी छ ।

**अन्तमा होमियोप्याथिक चिकित्साबाट आम समाजलाई के सन्तेश दिन चाहनुहुन्छ ?**

अन्य चिकित्सा प्रणाली भन्दा सस्तो, सरल र प्रभावकारी औषधीहरु होमियोप्याथिक चिकित्सा प्रणालीमा भएको हुनाले कुनै

पनि समस्याहरु भएमा चिकित्सकको सल्लाह र सुझाव बमोजिम होमियोप्याथिक औषधी सेवन गर्नको लागि विशेष अनुरोध गर्दछु ।

# राजनीतिक अडान लिन सक्ने राप्रपा मात्र हो

**नेपाली काँग्रेस जसको नेतृत्वमा २०४६ सालमा प्रजातन्त्रको स्थापना भइ ३० वर्षे पञ्चायती शासन व्यवस्थाको अन्त्य भयो त्यहि प्रजातान्त्रीक पार्टीको नेतृत्वमा ०६२।६३ मा दोश्रो जनआन्दोलन ऐतिहासिक रुपमा सफल भइ सोही जनआन्दोलन मार्फत् १० वर्ष देखि जनयुद्धरत बिद्रोही माओवादीहरु नेपाली राजनीतिको मुलधारमा आई नेपालमा शान्ति स्थापना हुन सक्यो र २४० वर्षको इतिहास बोकेको राजतन्त्रको अन्त्य भै नेपाल गणतान्त्रीक मुलुकका रुपमा रुपान्तरीत हुन सक्यो । सोही आन्दोलनको परिणामस्वरुप नेपाल धर्म निरपेक्ष राष्ट्र तथा संघिय राज्यमा बदलियो । नेपाली काँग्रेसका पार्टी सभापती शुसिल कोइराला प्रधानमन्त्री भएको समयमा नेपाल संघियतामा जाने गरी संविधान २०७२ भाद्र २ गते जारी भयो सोही पार्टीमा २०३६ साल देखि संलग्न रहि सोही समयबाट भूमिगत रुपमा राजनीति गरेका सुवोध कुमार पौडेलले सो पार्टीमा भविष्य नदेखेपछि असन्तुष्ट भै नेपाली राजनीतिमा वैकल्पिक धार बोक्ने पार्टी राप्रपा संयुक्तमा हालै पार्टी प्रवेश गरेका छन् । तिनै नवप्रवेशी सुवोध कुमार पौडेललाई हामीले हाम्रो यो अंकमा समेटेका हौ । उनै सुवोध कुमार पौडेलको अर्न्तवार्ता तल प्रस्तुत गरिएको छ ।**

**तपाई तत्कालिन अवस्थामा पञ्चायती व्यवस्थाको बिरोधी पार्टीका रुपमा चिनीने ने.का.को राजनीतिमा सकृय रहेको मान्छे र सोही व्यवस्थामा नेपालको शासन सत्तामा हालीमुहाली जमाएका व्यक्तिहरुको नेतृत्व रहेको पार्टी राप्रपा संयुक्तमा किन प्रवेश गर्नु भयो ?**

- २०१७ साल देखि २०४७ सालसम्म ३० वर्ष हामीले पञ्चायती व्यवस्था हेऱ्यौ । २०४६ सालमा नेपाली जनताले जनआन्दोलन मार्फत् त्यो व्यवस्था परिवर्तन गऱ्यो । व्यवस्था परिवर्तन भएको केहि वर्षमा नै २०५२ सालबाट एउटा समूह असन्तुष्ट बनि माओवादीका नाममा हतियार उठाइ भूमिगत भै मान्छे मार्ने क्रम सुरु गऱ्यो । सत्र हज्जार बढि मान्छे मारिए त्यो क्रम ०६२।०६३ सम्म चल्यो र त्यो माओवादी भन्ने समुहलाई नेपाली राजनीतिको मुलधारमा ल्याउन विश्वको एकमात्र हिन्दु राज्यको रुपमा रहेको नेपाललाई हामीले धर्म निरपेक्ष राज्य सहित संघिय राज्यको रुपमा रुपान्तरण गऱ्यौ । देशबाट राजतन्त्र समेत हटायौ । २०४७ सालमा विश्वको उत्कृष्ठ भनि लागु गरिएको संविधान समेत वर्खास्त भयो तर त्यत्रो प्रगति र विकासको चाहना राख्ने नेपाली जनताको चाहना इच्छा माथि धज्जी उडाइयो । केही नेता मन्त्रीहरु अथाह सम्पत्तिको मालिक बने तर नेपाली आम जनताको चाहना र इच्छा पुरा हुन पाउन सोही कारण अब यी पार्टीबाट यो देश र देशवासीको कल्याण हुने नदेखेपछि मैले नेपाली राजनीतिको वैकल्पिक शक्तिको रुपमा रहेको राप्रपा लाई चुनेको हुँ ।

**तपाई राप्रपामा प्रवेश अघि काँग्रेसको सकृय मान्छे कार्यकर्ता रहेको व्यक्ती काँग्रेससंग किन असन्तुष्ट हुनुभयो ?**

- उत्तर: नेपाली काँग्रेसको लिगेसी संवैधानिक राजतन्त्र बहुदलिय प्रजातन्त्र रहेको थियो तर यसमा ने.का कायम रहन सकेन नेपाली कँग्रेसका नेताहरु कृष्ण प्रसाद भट्टराई, गणेशमान सिंह विपी कोइरालालाई चटक्कै विर्सेर नेकाले संघिय लोकतान्त्रीक गणतन्त्रको लामो तर पुर्णता निरर्थक व्यवस्थालाई अंगाल्न पुग्यो । पैसा पद र शक्तिलाई मात्र राजनीति ठान्ने प्रवृत्ति पार्टी भित्र हावी हुन थाल्यो । नेकाभित्र बच्चा संस्कृति मौलाउँदै त्यसका महान नेताहरुलाई पार्टीको नेतृत्व तहले चटक्कै विर्सन थाल्यो । काँग्रेसले स्थापना कालदेखि अंगाल्दै आएको संवैधानिक राजतन्त्रलाई चटक्कै छाडेर गणतन्त्रलाई अंगाल्न पुगी राजनीतिक रुपमा पार्टी आफ्नो लिगेसी बाट स्खलित हुन पुगेपछि यस्ता पार्टीमा लागि राख्नु निरर्थक रहेछ भन्ने लागेपछि मैले पार्टीलाई सदाकालागि परित्याग गर्ने निर्णय गरेको हुँ भारी मन लिएर ।

**तपाईले राप्रपा मात्र रोज्नुको कारण के हो ? अरु पार्टी थिएनन् र देशमा ?**

संवैधानिक राजतन्त्र, बहुदलिय प्रजातन्त्र, हिन्दु अधिराज्यको राजनैतिक अडानमा कायम रहेको पार्टी कुनै छ यो देशमा ? तर देशको वैकल्पिक शक्तिको रुपमा रहेको राप्रपा मा यो राजनीतिक अडान रहेको छ । संघिय रुपमा गै सकेको यो मुलुकमा अहिलेको अवस्थामा पनि यो मुद्दालाई वोकी जनता माझ जाने पार्टी भनेको राप्रपा नै रहेको कारण पनि मैले यो पार्टीलाई रोजेको हुँ ।

**देश गणतान्त्रीक मुलुकका रुपमा रुपान्तरण भएको अवस्थामा तपाइको पार्टी संवैधानिक राजतन्त्रको माग गर्दछ यस्तो समयमा यो माग कत्तिको उपयुक्त छ ?**

देश गणतन्त्रमा जाने वित्तिकै देशको राष्ट्रियतामा आँच आउन मात्र थालेन राजनीतिमा पराइ संस्कृतिको विकास हुन थाल्यो । यो मुलुक सिमित नेताको विर्ता बनेको छ । सत्यको पथमा हिड्ने चरित्रको कमि, किसुनजीको जस्तो राष्ट्रप्रेम र आदर्शको अभाव, राजनीतिको विकृतिकरण, पद, पैसा र व्यक्तिगत स्वार्थमा लाग्ने प्रवृत्तिको विकास विश्वले रुचाउने संविधानको अभाव, सिद्धान्तनिष्ठ, राजीतिक सम्झौताहिन संघर्षको नेतृत्व लेवलमा अभाव अहिंसात्मक विचारको नेपालको राजनीतिमा खडेरी भएको हालको अवस्थामा देशलाई सिमित नेताहरु मिलि गणतान्त्रिक मुलुकमा हठात लिएर गएका हुन जुन ज्यादै षडयन्त्र पूर्वक गरिएको निर्णय थियो त्यस कारण पनि राप्रपाको माग संवैधानिक राजतन्त्र अहिलेको अवस्थामा ज्यादै नै उपयुक्त छ ।



## सुवोध कुमार पौडेल
## नेता, राष्ट्रिय प्रजातन्त्र पार्टी

**संघिय संसदमा एकसीट मात्र रहेको राप्रपमा प्रवेश गरेर तपाईको भविष्य सुनिश्चित होला ?**

मलाई मेरो व्यक्तिगत भविष्यको भन्दा पनि राष्ट्रको चिन्ता छ । हामी नेपाली नेपाल राष्ट्र नै नरहे कहाँ रहौला ? हाल नेपालको राजनीतिक वृत्तमा देशलाई जसरी भएपनि युद्धमा फँसाउने षडयन्त्र हुँदैछ चाहे त्यो एमसीसीको नाममा होस् वा अन्यमा, त्यहि कारण अहिलेका पार्टीहरुबाट यो मुलुकको कल्याण भन्दा पनि मुलुकको अहितमा लाग्ने प्रवृत्तिको विकास भएको देखेर नेपाली राजनीतिको वैकल्पिक शक्तिको रुपमा रहेको राप्रपा पार्टी मार्फत्बाट देशको हित, नेपाली जनताको भलाईको निमित्त कार्य गर्न पाइन्छ भन्ने लागेर यो पार्टीलाई रोजेको हुँ ।

**अहिलेको राजनीतिक परिस्थीतिमा नेपालमा पुनः हिन्दु राष्टू र राजसंस्था फर्कने अवस्था तपाई देख्नुहुन्छ ?**

- हाम्रो छिमेकी मित्रराष्टू भारतमा भारतीय जनता पार्टीको दोश्रो पटक प्रचण्ड बहुमतका साथ जसरी उदय भएको छ पहिलो कारण यसबाट आफ्नो छिमेकी मित्रराष्टू नेपालमा आस्था र निष्ठाको राजनीतिको अभाव भएको अहिलेको अवस्थामा मैले भन्नु पर्ने नै हुन्छ यहाँ प्रजातन्त्र लोकतन्त्र, गणतन्त्रको कल्पना पनि गर्न सकिन्न । म मुलुकमा भएका नेपाली जनताको सबै

बाँकी २ पृष्ठमा

# एन आई सी एशिया बैंकका ग्राहकलाई अकामा २०% छुट

काठमाडौं । एन आई सी एशिया बैंकका ग्राहकहरुलाई काठमाडौं धुम्बाराहीस्थित अका होटलको सेवा शुल्कमा २० प्रतिशत छुट हुने भएको छ । बैंक र होटलबीच समझदारी ओयुएममा सम्झौता भई उक्त छुट पाउने गरी सहमति भएको हो ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

बैंकको तर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत सन्तोष कुमार राठी र होटलको तर्फबाट महाप्रबन्धक राजु श्रेष्ठले समझदारीपत्र आदानप्रदान गरेका छन् । उक्त समझदारी बमोजिम बैंकको डेबिट तथा क्रेडिट कार्ड प्रयोगकर्ताहरूले होटलको सेवा प्रयोग गरे वापत रकम भुक्तानी गर्दा २० प्रतिशत छुट पाउने छन् । साथै बैंकका कर्मचारीहरूलाई पनि सो योजना अनुसारको छुट उपलब्ध हुनेछ । समझदारीका सर्तहरू एक वर्षको लागि लागू हुनेछन् । यसैगरी ग्राहक हरूले देशभरका २,४०० वटा भन्दा बढी अस्पताल, होटल तथा रेष्टुरेन्ट, डिपार्टमेन्ट स्टोर लगायतमा सेवा लिई कारोबार रकमको ३० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्ने बैंकले जानकारी दिदै आएको छ ।

# मुक्तिनाथ विकास बैंकका (डिम्याट) खाता नि:शुल्क खोल्न सकिने अवसर

काठमाडौं । मुक्तिनाथ विकास बैंकले निक्षेपकर्ताहरुको विभिन्न वित्तिय आवाश्यकताहरु पुरा गर्दै बैंकसँगको कारोबारलाई थप दीर्घकालीन तथा मजबुत गराउन साथै बचत खाताहरुमा नविनत्तम सुविधाहरु प्रदान गर्दै जाने योजना अनुरुप कुनै पनि नयाँ बचत खाता खोलेको अवस्थामा बैंकको सहायक कम्पनीको रुपमा रहेको मुक्तिनाथ क्यापिटलमा नि:शुल्क हितग्राही खाता (डिम्याट खाता)

मुक्तिनाथ विकास बैंक
MUKTINATH BIKAS BANK
"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"

खोल्न सकिने व्यवस्था गरेको छ ।

देशभर सञ्चालनमा रहेका कुनै पनि शाखा कार्यालयमा ग्राहक स्वंयम उपस्थीत भई आवश्यक कागजपत्र बुझाएको २४ घण्टा भित्र हितग्राही खाता उपलब्ध गराउने बैंकले जनाएको छ । भौतिक सेयर प्रमाणपत्र लाई अभौतिकरण गर्न ग्राहकबाट अनुरोध भई आएमा मुक्तिनाथ क्यापिटल लिमिटेडसँग सहकार्य गरी अभौतिकरण गर्न समेत सकिने व्यवस्था बैकले ल्याएको छ ।

प्रकाशित विज्ञप्तिमा उल्लेख भए अनुसार उक्त योजना सार्वजनिक गरेको हो । मुक्तिनाथ विकास बैंकले हाल ४२ जिल्लामा १३४ वटा शाखाहरु मार्फत ग्राहकका आवश्यकता बमोजिमका सबै प्रकारका बचत निक्षेप तथा कर्जा सेवाहरु प्रदानगर्दै आई रहेको छ । साथै, प्रविधिमा आधारित रही मोबाईल बैंकिङ्ग, क्यूआर पेमेन्ट, एटिएम, अनलाईन बैंकिङ्ग, आस्वा सेवा लगायतका सेवाहरु पनि प्रदान गर्दै आई रहेको बैंकका प्रमुख सुचना अधिकारी तिलबहादुर गुरुङले हस्ताक्षर गरेको विज्ञप्तिमा उल्लेख छ ।

# धनुषामा प्रभु बैंकको एक्स्टेन्सन काउण्टर सञ्चालनमा

प्रभु बैंकले धनुषा जिल्लाको जनकपुर उपमहानगरपालिका वडा नं ०४ स्थित जिल्ला प्रशासन कार्यालयमा एक्स्टेन्सन काउण्टर सञ्चालनमा ल्याएको



छ । धनुषास्थित जिल्ला प्रशासन कार्यलयमा स्थापित एक्स्टेन्सन काउण्टरको मिति २०७६ फाल्गुन ३० गते धनुषाका प्रमुख जिल्ला अधिकृत प्रदिप राज कडेँललेसमारोहका उदघाटन गरी सेवा सन्चालनमा ल्याएको हो ।

# सिटिजन्स बैंकको १ लाख सहयोग

काठमाडौं । सिटिजन्स बैंकले दियो सडक आश्रित मानव मुक्त (सम्मान) अभियानलाई सहयोग गरेको छ। बैंकले १ लाख रुपैयाँ सहयोग उपलब्ध गराएको



हो । सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना ९३ वटा शाखा, ९० वटा ए.टि.एम. र १०३ वटा शाखा रहित बैंकिङ्ग एकाईहरुबाट करिब पाँच लाख ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ ।

ग्राहक वर्गहरुलाई विभिन्न किसिमका निक्षेप तथा कर्जा सुविधाहरु, घरैमा बसेर बैंक खाता खोल्न सकिने अनलाईन सुविधा, रेमिट्यान्स सेवा, आस्वा, ड्राफ्ट, कार्ड सेवा,साथै कुनै पनि शाखाबाट रकमझिक्न र राख्न सकिने जस्ता सुविधाहरु प्निउपलब्ध गराउँदै आएको छ ।

# बैंक अफ काठमाण्डुको बिओके सफलता मुद्दती खाता योजना

काठमाडौं । बैंक अफ काठमाण्डु लिमिटेडले ग्राहकहरुको लागि उच्चतम् लाभ तथा सुरक्षालाई मध्यनजर गर्दै बिओके सफलता मुद्दती खाता' सार्वजनिक गरेको छ । "सफलता मुद्दती खाताबाटै पूर्ण सुरक्षा" भन्ने मुलनाराका साथ सार्वजनिक गरीएको उक्त खातामा ग्राहक महानुभावहरुले रु ११ लाख सम्मको बीमा सुविधा सहित सर्वोच्च वार्षिक ९.७५५ ब्याजदरको सुविधाको उपयोग गर्न सक्ने छन् । । उक्त मुद्दती खाता रु. २५,०००।- देखी नै खोल्न सकिने र ग्राहक

बैंक अफ काठमाण्डु लिमिटेड
BANK OF KATHMANDU LTD.
we make your life easier

हरुले उक्त खाता खोली बीमा लगायत थुप्रै सुविधाहरुको उच्चतम लाभ लिई ढुक्क हुने बिश्वास बैंकले लिएको बैंकले सार्वजानिक गरेको योजनामा उल्लेख छ । साथै, बीमा सुविधा अर्न्तगत दुर्घटनावाट मृत्यु वा पूर्ण अशक्तताका भए रु. ५ लाख, १८ घातक रोगहरु लागेको खण्डमा रु. ५ लाख तथा औषधी उपचारको लागि रु. १ लाखको बीमा सुबिधा अर्न्तगत बहिरंग (ओपिडी) को लागि रु. २०,०००।वस्- तथा अस्पताल भर्ना भई उपचार गर्दा रु. ८०,०००।- सम्मको बिमा सुविधाको उपयोग गर्न सक्नेछन् । बिमा सुबिधा बैंकले सिद्धार्थ इन्स्योरेन्स लिमिटेडको सहकार्यमा उपलब्ध गराएको छ । जस अर्न्तगत बीमा शुल्क बैंकले सिद्धार्थ इन्स्योरेन्स लिमिटेडलाई भुक्तानी गर्नेछ ।

हालसम्म बैंक अफ काठमाण्डू लिमिटेडले ८७ शाखा कार्यालयहरु, ७८ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहक महानुभावहरुलाई उत्कृष्ट बैंकिङ्ग सुविधा प्रदान गर्दै आईरहेको छ ।

# बुटवलमा मेगा बैंकको भवन उद्‍घाटन

काठमाडौं । मेगा बैंकले रुपन्देही जिल्लाको बुटवलमा रहेको आफ्नै जग्गामा निर्मित भवनको उद्घाटन गरेको छ । भवन बिहीबार मिलनचोक स्थित आफ्नै जमिनमा नवनिर्मित अत्याधुनिक भवनबाट बुटवलकै पुष्पलाल पार्कमा हाल सञ्चालनमा रहेको बैंकको शाखा कार्यालयलाई स्थानान्तरण गरिएको हो । यसै अवसरमा बैंकको प्रदेश नम्बर ५ को प्रादेशिक कार्यालय पनि उक्त नवनिर्मित भवनबाटै सञ्चालन गरिएको छ । प्रदेश नम्बर ५ का मुख्यमन्त्री शंकर पोखरेलले भवनको उद्घाटन गर्नुभएको हो । मेगा बैंकले आफ्नै भवनबाट सञ्चालन हुने गरी पहिलो प्रादेशिक कार्यालयका लागि प्रदेश नम्बर ५ लाई रोजेकोमा खुसी व्यक्त गर्दै मुख्यमन्त्री पोखरेलले धन्यवाद व्यक्त गर्नुभएको थियो । अन्य प्रदेशको तुलनामा प्रदेश नम्बर ५ आर्थिक र औद्योगिक हिसाबले अगाडि रहेको भन्दै मुख्यमन्त्री पोखरेलले बैंकिङ क्षेत्रसँगको सहकार्यका लागि प्रदेश सरकार तत्पर रहेको बताउनुभयो ।

कार्यक्रममा मेगा बैंकका अध्यक्ष भोजबहादुर शाहले बुटवलमा मेगा बैंकले आफ्नै जमिनमा अत्याधुनिक भवन निर्माण गरी सञ्चालनमा ल्याएकोमा खुसी लागेको बताउनुभयो । मेगा बैंकको पञ्चवर्षिय रणनीतिक कार्ययोजना अनुसार आफ्नै भवन निर्माण कार्यलाई अन्य प्रदेशमा पनि तीव्रता दिइने उहाँले बताउनुभयो । यस क्षेत्रका जनताको बैंकिङ पहुँच वृद्धि गर्न प्रदेश सरकारसँग हातेमालो गर्न मेगा बैंक तयार रहेको भन्दै अध्यक्ष शाहले रोजगारमूलक एवं उत्पादनमूलक



क्षेत्रमा गरिने लगानीको पनि बढोत्तरी गर्ने लक्ष्य रहेको बताउनुभयो ।

'समृद्ध नेपाल, सुखी नेपाली' भन्ने सरकारी नारालाई साकार पार्न कृषि, पर्यटन, भौतिक पूर्वाधार, जलविद्युत, शिक्षा, स्वास्थ्य क्षेत्रका उद्यमी व्यावसायीसँग हातेमालो गर्न मेगा बैंक तयार रहेको भन्दै उहाँले सहकार्यका लागि आह्वान पनि गर्नुभयो । सन्तुलित मुनाफा आर्जनलाई ध्यानमा राखेकाले मेगा बैंकको वर्तमान सुदृढ, सबल रहेको तथा भविष्य उज्जवल रहेको अध्यक्ष शाहले बताउनुभयो ।

मेगा बैंकको सिइओ अनुपमा खुञ्जेलीले बैंकको आफ्नै भवन निर्माण भएपछि ग्राहकहरुलाई प्रदान गरिने सेवा, सुविधा लगायत कारोबारमा थप सहज हुने भन्दै उहाँले तत्कालिन पश्चिमाञ्चल विकास बैंकसँगको मर्जरदेखि नै प्रदेश नम्बर ५ मा मेगा बैंकको कारोबार उत्साहजनक भएकोमा अब गण्डकी विकास बैंक गाभिएपछि झन दरिलो उपस्थिति हुने बताउनुभयो । मेगा बैंक 'बैंक अफ दि एयर २०१९' बाट सम्मानित हुनुमा प्रदेश ५ का ग्राहकवर्ग, कर्मचारी र सरोकारवालाहरुको पनि श्रेय रहेको भन्दै उहाँले आभार व्यक्त गर्नुभयो । ग्राहकको विश्वास जित्दै अघि बढिरहेकाले मेगा बैंकले बैंकिङ कारोबारसँगै वित्तीय साक्षरता र परोपकारी कार्यलाई पनि प्राथमिकता दिएको सिइओ खुञ्जेलीले बताउनुभयो ।

भवन उद्घाटन कार्यक्रममा बुटवल उपमहानगरपालिका वडा नम्बर ९ का अध्यक्ष विष्णुबहादुर थापा, मेगा बैंक सञ्चालक समितिका सदस्यहरु गोपाल खनाल, मदन आचार्य, डा. इन्द्रबहादुर मल्ल ठकुरी, शिवादेवी काफ्ले, बैंककी नायब प्रमुख कार्यकारी अधिकृत रविना देशराज श्रेष्ठ तथा बुटवल क्षेत्रका उद्यमी, व्यवसायी तथा नागरिक समाजका अगुवाहरु, कर्मचारीहरु लगायतको सहभागिता थियो । स्थापनाको एक दशक नबित्दै देशभर शाखा सञ्जाल विस्तार गरिरहेको मेगा बैंकका १११ शाखा, २९ वटा एक्सटेन्सन काउन्टर, ११४ वटा एटिएम सञ्जाल, ११९ वटा शाखारहित बैंकिङ्ग केन्द्रहरु र ३ हजार भन्दा बढी मेगा रेमिट एजेण्ट स्थापना गर्न सफल भईसकेको बैंकको रुपमा परिचित मेगा बैंकको योगदान रहेको देखिन्छ ।

# बैकिङ्ग संसार

## नेपाल लघुवित्त संघको पहिलो अध्यक्षमा पोखरेल

काठमाडौं । नेपाल लघुवित्त संघको अध्यक्षमा जगत बहादुर पोखरेल चयन भएका छन । चौतारी लघुवित्त वित्तीय संस्थाका अधक्ष्य समेत रहेका उनी पहिलो पटक अध्यक्ष बनेका हुन । लघुवित्त संस्थाहरुको संगठनले उनलाई निर्विरोध चयन गरेको हो । पोखरेलको अध्यक्षतमा नौ सदस्यीय कार्य समिति गठन गरिएको छ । त्यस्तै संघको उपाध्यक्षहरुमा ग्रामीण लघुवित्त वित्तीय संस्थाका माणीक रत्न शाक्य र फरवार्ड लघुवित्त वित्तीय संस्थाका भगवती चौधरी, महासचिवमा जनउत्थान लघुवित्त वित्तीय संस्थाका बाबुराम विश्वकर्मा, सचिवमा सुर्योदय लघुवित्त वित्तीय संस्थाका अनन्त कुमार श्रेष्ठ, कोषाध्यक्षमा आधिखोला लघुवित्त वित्तीय संस्थाका नरेश केसी, सदस्यहरुमा वोमि लघुवित्त



वित्तीय संस्थाका बिमला उपाध्यय घिमिरे, अभियान लघुवित्त वित्तीय संस्थाका बाबुराम थापा र सुपर लघुवित्त वित्तीय संस्थाका किरण चौधरी चयन भएका हुन । परम्परागत लघुवित्तको शुरुवात नेवारी समुदायमा गुठी र थकाली समुदायको ढुकटी हुँदै बि.स. २०१० मा तत्कालिन सरकारबाट सहकारी विभागको स्थापना गरी कृषकहरुलाई कृषि ऋणबाट लघु कर्जाको सुरुवात भएको थियो । वि.स.२०४७ चैत्र १७ गते डा. हरिहरदेव पन्तको नेतृत्वमा निधन उत्थान संस्था स्थापना भइ नेपाल राष्ट्र बैंकको इजाजत प्राप्त गरि २०४९ चैत्र १ गते लघुवित्त संस्थाका रुपमा पहिला कारोवार शुरु भएको थियो ।नेपालमा आधनिक लघुवित्त कार्यक्रमको सुरुवात भएको अढाइ दशक पूरा भइसकेको छ । नेपाल राष्ट्र बैंकको २०७६ पस मसान्त सम्मको तथ्याङ्क अनुसार नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त लघुवित्त वित्तीय संस्थाहरुको संख्या ९० पगिसकेको छ भने लघुवित्त कार्यक्रम हाल नेपालको ७७ वटा जिल्लाहरुमा विस्तार भएको छ । यी सस्थाहरुले आफनो कार्यक्षेत्रमा लघुका सेवाहरु उपलब्ध गराई विपन्न वर्गका आयआर्जन वृद्धि गर्न सहयोग पुर्याई नेपाल सरकारको गरिबी न्यूनीकरणको उद्देश्यमा महत्वपूर्ण भूमिका खेलिरहेका छन । अतः लघुवित्त वित्तीय संस्थाहरु ग्रामीण भेगका विपन्न परिवारका महिलाहरुको आयआर्जन बृद्धि गर्न र वित्तीय साक्षरता प्रदान गरी सानो सानो बचत गर्ने बानी बसाल्न सफल भएको छ ।

लघुवित्त क्षेत्रको बर्तमान अवस्था

लघुवित्त कार्यक्रम एक सामाजिक सेवामा आधारीत व्यवसाय भएकाले लघुवित्त संस्थाले विपन्न तथा न्यून वर्गको हितलाई ध्यानमा राखि आफ्नो सेवा प्रदान गरिरहेका छन । लघुवित्त संस्थाले आफनो लगानीको नाफालाई भन्दा पनि लक्षित वर्गका मानिसहरुलाई मध्यनजर गर्दै लघुवित्त सेवा दिइरहेका छन । नेपाल राष्ट्र बैंकबाट प्रकाशित तथ्यांक अनुसार २०७६ पुस मसान्तसम्म आइपुग्दा लघुवित्त वित्तीय क्षेत्रको प्रमुख वित्तीय सूचकाङ निम्नानुसार रहेको छ ।

२०७६ पुस मसान्तको प्रमुख वित्तीय सुर्चाकहरु

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त लघुवित्त वित्तीय संस्थाहरुको संख्या ९०, कार्यक्रम पुगेको जिल्ला ७७, कुल कर्मचारी संख्या १८ हजार ८८५,

कुल शाखा संख्या ३ हजार ८६१, कुल केन्द्र संख्या २ लाख ९८ हजार ३५९, कुल समुह संख्या १० लाख ५ हजार ५३८, कुल सदस्य संख्या ४५ लाख ७९ हजार ७३९, कुल ऋणी संख्या २८ लाख ५ हजार ८१५, कुल पूजी कोष रु (दश लाखमा ) ३२ हजार ५९६, लगानीमा रहेको कर्जा रु दश लाखमा २ लाख ५६ हजार ३१९, कुल बचत संख्या रु दश लाखमा १ लाख १ हजार ९१० र कुल सापटी रु दश लाखमा १ लाख ४४ हजार ९४० रहेको छ ।

लघुवित्त संघ नेपालको स्थापना

वित्तीय सेवाको विकास विस्तार, स्थायित्व र मयादित कार्यस्थल, सहयोग गर्ने नियामक निकायका प्रतिनिधि बैंक तथा वित्तीय सस्थाका उच्च पदस्थ पदाधिकारी विज्ञ व्यवस्थापनका प्रतिनिधि एवं नेपाल राष्ट्र बैंक, नेपाल सरकार, अर्थमन्त्रालय, कम्पनी रजिष्ट्रार कार्यालय, धितोपत्र बोर्ड, बिमा समिति लगायत यस क्षेत्रका सरोकारवालाहरु बिच सहकार्य गरी, लघुवित्त सेवालाई प्रभावकारी एवं दीगो बनाउनका लागि २०७६ पौष ५ गते काठमाण्डौमा लघुवित्त वित्तीय संस्थाका अध्यक्षहरुको भेला भई सो भेलाको निर्णय अनुरुप लघुवित्त संघ नेपाल :ध्अचयाष्लवलअभ ब्कककयअष्वतष्यल य्भउवर्भ या (:ब्ल) नामक विशुद्ध गैर सरकारी संस्थाको स्थापना गर्ने निर्णय भएको थियो ।

## कुमारीको २२ औं शाखा रहित बैंकिङ् सेवा लिम्घामा

काठमाडौं । कुमारी बैंक लिमिटेडले सत्यवती -०४, लिम्घा, गुल्मीमा आफ्नो २२औं शाखा रहित बैंकिङ्ग सेवा सुरु गरेको छ। सत्यवती गाउँपालिकाका अध्यक्ष परिश्वर ढकाल तथा बैंकका संचालक समितिका सदस्य कृष्ण प्रसाद ज्ञवालीद्धारा संयुक्त रुपमा एक समार ह बीच शाखा र हित बैंकिङ्ग सेवाको

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED

उद्घाटन सम्पन्न भएको हो । उक्त उद्घाटन बैंकका डेपुटी सिइओ- उमेश सिंह भण्डारी, भिमलाल पौडेल, चेम्बर ओफ कमर्स- प्रदेश नं. ५ का इन्चार्ज, अन्य अधिकारीहरु तथा स्थानीय बासिन्दा एवं व्यवसायिक प्रतिनिधिहरूको माझ सम्पन्न भएको हो । विगत १९ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका १२३ शाखा संजाल, ११९ एटिएम, ६ एक्सटेन्सन काउन्टर तथा २२ शाखारहित बैंकिङ्ग ईकाईहरु मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरु आगामी दिनहरुमा पनि पुर्याउँदै जाने जनाएको छ ।

# नाताले भरेको संस्था



कृष्ण बहादुर बोगटी काका
चक्रबहिल -१२, ललितपुर

हाम्रो देश नेपालमा अर्धशिक्षितको साथै आफ्नो परिश्रमले बिहान बेलुकीको छाक टार्न मुस्किल पर्ने दिनमा दुई छाक खान त धेरै परको कुरा हो, एक छाक पनि खान पाउदैनन् । त्यसमा पनि गरीबीकै कारण विभिन्न ठाउका मान्छेहरु खुल्ला आकासमुनि धरतीको विछ्यौना न आकासको छानो गरी रात विताउन बाध्य हुन्छन् । कैयोले पेट पाल्नकै लागि अर्काको घरमा भाडा माझ्ने र अर्काको घरमा हलिया बसी कलिलो उमेरमा शरिरले धान्नै नसक्ने कामको बोझ उठाउन विवश भैरहेका छन् । त्यो कुरा विभिन्न देश(विदेशबाट नेपाल घुम्न आउने गरेका पर्यटकहरुले पनि राम्ररी बुझे । त्यसपछि तिनै गरीबीको रेखामुनी पिल्सिएकाहरुको हितको लागि भनि तिनिहरुको अवस्था प्रति दयाभाव राखि सर(सहयोग दिन उत्सुक देखिदै आए । यता नेपालका केही टाठा(बाठा भनाउदाहरुले पनि तिनै गरीव र असहायहरुको उद्धारको नाममा विभिन्नसंघ संस्था खोलिदै आए । तिनै संस्थालाई विदेशी दाताहरुले पनि कराडौ डलरको बर्सा गराए तर तिनै संस्था संचालक र उनकै आफन्त आसे पासेले नै ७५% कुम्ल्याउने काम गरे । लक्षित वर्गको लागि भने २५% पनि पुगेन । त्यस्मा आफ्नै नाता गोताका मान्छेले पाउने व्यवस्था मिलाएर त्यस्कै देखासिकी गरी अझ धेरै संस्थाहरु खोलिदै गए, विदेशी सामु गरीवकै नाममा हात फैलाउदै गए ति प्रत्येक संस्थाले । जति डलर आयो सबैले आ( आफ्नै स्थिति सुधारतर्फ लगाए । सबैजनाको व्यत्तिगत चाहानाहरु पुरा हुन थाल्या । हिजो सम्म शहरमा एउटा सानो कोठामा निर्वाह गरिरहेका संस्था संचालकहरुलाई तिनै गरीव को नामको डलरको मात लाग्यो । उनिहरुले आफ्नो संस्थाले गर्नु पर्ने कर्तब्य भुसुक्कै विर्से र आफ्नै प्रगती र उन्नतीको लागी कार्य गर्न थाले । जस्तै शहरमा आलिशान महल, विभिन्न ठाउमा घडेरी करोडको पजेरो आदी आदी ।

हिजो सम्म साधारण चामलको भात तरकारीको समेत मुस्किल पर्नेहरुलाई आज वास्मती चामल र चौरासी व्यन्जनले पनि चित्त नबुझ्ने भयो । उनीहरु ५ तारे होटलमा डिनर अर्डर गर्न पर्ने शौखहरु बढ्न थाल्यो । हिजो स्ंस्थाको संचालक बन्नु भन्दा अगाडी साइकल समेत चढ्ने हैसियत नभएकाहरु आज करोडौको रिमोटवाला मोटर समेत ६।६ महिनामा फेर्ने शौख जाग्न थाल्यो । जुनलक्ष्य, उद्देश्यको साथ संस्था खोलिएको हुन्थ्यो काम त्यस्को विपरित हुन थाल्यो । चोर ढोकाबाट पस्न र निस्कन सिपालु नेपाली टाठा बाठाहरुले त्यो मौका राम्रो संग उपयोग गरे । न त कुनै हिसाव किताव नै देखाउनु पर्ने न त कुनै अडिट गरी देखाउनु नै पर्ने एक देढ बर्षमा दाताहरु आउने बेलामा कागज पत्रहरु यसो मिलाएर देखायो भैहाल्यो । दाता पनि खुशी डलर पनि पच्ने । हद्धै गरे गरीब बच्चा असहाय अपांग बाल श्रमिक सडक बालबालिका २।४ दिनलाई बटुलेर राख्यो, दातालाई देखायो दाता गएपछि सडक बच्चाबच्चीलाई दिएको लुगा समेत फुकाली लखेटिन्छ के त्यही हो मानव अधिकार, के त्यही हो सडक बच्चाले मानव अधिकराकर्मिको कुर्सिसम्म पुऱ्याएको पुरस्कार ।

## खेलकुद

# प्रथम चितवन राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता सम्पन्न

प्रथम चितवन राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता सम्पन्न भएको छ । भरतपुरस्थित कभर्डहलमा २०० खेलाडीले सहभागिता जनाएको प्रतियोगिता शनिबार सकिएको हो । प्रतियोगितामा समावेश चार विधामध्ये महत्वपूर्ण तीन विधाको उपाधि चितवनका खेलाडीले जितेका छन् ।

प्रतियोगितामा सबैभन्दा चासोको पुरुष डबल 'ए' को उपाधि चितवनका खेलाडीले नै जितेका छन् । निकै प्रतिस्पर्धात्मक हुने अनुमान गरिएको फाइनल खेलमा चितवनका राजु थापा र विनोद पौडेलको जोडीले सहज जित हासिल गऱ्यो ।

यी दुईले पोखराका विशाल खड्का र विशाल बस्नेतको जोडीलाई २(० को सोझो सेटमा पराजित गरे । चितवनले पहिलो सेट २१(१९ ले जितेको थियो भने दोस्रो सेट २१/१५ ले आफ्नो पक्षमा पाऱ्यो । चितवनलाई उपाधि दिलाउन घरेलु दर्शकको साथ पनि राम्रो रह्यो । खेल सकिँदा राति ८.१५ बजेको थियो । त्यतिबेलासम्म पनि दर्शकहरुले हुटिङ गर्दै साथ दिएका थिए ।

उपाधि जित्न सफल चितवनका थापा र पौडेलको जोडीले नगद रु ४० हजारका साथै शिल्ड, मेडल र प्रमाणपत्र पायो । उपविजेतामै सीमित पोखराका थापा र पौडेलको जोडीले नगद २० हजार रुपैयाँ, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो । विजेता र उपविजेता खेलाडीलाई समापन कार्यक्रमका प्रमुख अतिथि चितवन जिल्ला खेलकूद विकास समितिका पूर्व अध्यक्ष गङ्गा लामाले पुरस्कार प्रदान गर्नुभएको कार्यक्रम संयोजक सुदन दराईले जानकारी दिनुभयो ।

यस्तै प्रतियोगिताअन्तर्गत पुरुष डबल 'बी' समूहको उपाधि चितवन जिल्ला ब्याडमिन्टन सङ्घका बुद्धि चौधरी र गोपाल पन्थीले हात पारे । यी दुईको जोडीले पूर्वी चितवन बेल्सीका विकास डल्लाकोटी र सन्देश बस्नेतलाई पराजित गरेको हो । खेल प्रतिस्पर्धात्मक बने पनि २(० को सोझो सेटमै सकिएको थियो । विजेता चौधरी र पन्थीको जोडीले नगद रु २५ हजार, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो भने उपविजेता बनेको बेल्सीका डल्लाकोटी र बस्नेतले नगद रु १३ हजार, र शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गऱ्यो ।

त्यसैगरी प्रतियोगिताअन्तर्गत पुरुष भेटून्स (४५ वर्षमाथि)को उपाधि चितवन ब्याडमिन्टन सङ्घका बुद्धि चौधरी र सुरेश श्रेष्ठको जोडीले जितेको छ । चितवनले तनहुँका टिक थापा र मोनबहादुर रानाको जोडीलाई २(० को सोझो सेटमा पराजित गर्दै उपाधि जित्न सफल भएको हो । विजयी टिमले रु ३० हजार शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो भने उपविजेता तनहुँले नगद रु १५ हजार, शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गऱ्यो ।

त्यस्तै सुपर भेटून्स (५५ वर्ष माथि)को उपाधि बागलुङले जितेको छ । बागलुङका राजेन्द्र शाक्य र विष्णु श्रेष्ठको जोडीले चितवनका पुष्प श्रेष्ठ र राजु थापाको जोडीलाई पराजित गर्दै उपाधि जित्न सफल भयो । निकै प्रतिस्पर्धात्मक खेलमा पहिलो अग्रता लिएको चितवनले लगातार दुई सेट गुमाउँदा २(१ ले पराजित भएको थियो । पहिलो सेटमा चितवनले उत्कृष्ट जित हासिल गरेको थियो । दोस्रो र तेस्रो सेटमा बागलुङले उत्कृष्ट पुनरागमन गर्दै उपाधि उचालेको हो । विजयी समूहले नगद रु १० हजार, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो भने उपविजेता टोलीले नगद रु पाँच हजार, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो ।

प्रतियोगिता नेपाल खेलाडी तथा प्रशिक्षक सङ्घ, चितवनले आयोजना गरेको हो । प्रतियोगिताको सहयोगी संस्थामा नेपाल ब्याडमिन्टन सङ्घ, चितवन र जिल्ला खेलकूद समिति रहेका थिए ।

## गफाष्टक

# बन्दूकको गोली, ओलीको बोली, त्यो भन्दा चर्को सूर्यको बोली

हावाको सिरेटोसँगै हुइँकिएर आएको भुइँ कुइरोले हाम्रो भेडी गोठ भएको नागी एक पत्र छोपेर गयो । यस्तै बेलामा भेडाको पाठो घिस्याउन स्याल आई पुग्छन् । तल औलोतिर जस्तो हैन । यहाँ त एकैछिनमा अध्यारो एकैछिनमा उज्यालो हुन्छ नेकपामा जस्तो ।

'ए वुढा' काठमाण्डौमा त तमासा छ अरे' भन्दै मेरी श्रीमती झुम्री आई पुगी ।

'के तमासा !' उत्सुक हुँदै मैले सोधें ।

प्रधानमन्त्रीले दोश्रो पटक किड्नी फेर्ने निर्णय गरेर अस्पताल गएपछि नेकपाका एक खाले नेता सारै खुशी भएका थिए अरे । 'अब हाम्रो पालो आयो' भनेर उफ्रिदै थिए अरे ।

कस्तो कुरा गर्छ्यौं झुम्री ! आफ्नो नेता विरामी हुदा कोही खुशी हुन्छ । वाइयात कुरो !

तिमी पत्याउँदैनौ !

नपत्याए नपत्याउ ।

म त माओवादीमा बटालियन कमाण्डर भएर छिडेकी मान्छे, सपै जान्द छु ।

नाप्पियो !जानेको भए माओवादी नै हुने थिइनौ । भेडी गोठाल्नी, पनि बन्नु पर्ने थिएन । सांसद बनेर तर मार्ने ठाउँमा पुग्ने थियौ । अँ"'.! अनि काठमाण्डौमा अरु के के भयो अरे ।

अरु ! अरु के हुन्छ, पार्टी भित्रका प्रतिद्वन्दी नेता जति सारै रमाइरहेको बखत 'प्रधानमन्त्री ओलीको मिर्गौला प्रत्यारोपण सफल' भन्ने समाचार आएछ । त्यसपछि त 'हिस्स बुढी हरियो दाँत' भने जस्तै भयो अरे । मैले अहिले अनलाईनहरु हेरेको, बाबै ! कस्ता कस्ता लेखेका ।

'कस्ता लेखेछन् झुम्री !' कम्ता बाठी छैन मेरी झुम्री ! सप्पै जान्द छे ।

'सुन्छौ !' भन्दै झुम्री बोल्न थाली ।

अब प्रधानमन्त्री डिस्चार्ज हुदैनन् भन्दै परक्क बटारिएर नाच्दै थिए छन् त्यसै बेला एउटाले 'भोलि प्रधानमन्त्री डिस्चार्ज हुने अरे' भन्ने खबर पुऱ्याए छ । त्यो सुने पछि खुशिले उफ्रिदै गरेको नेतो सात दिन ओछ्यान परे अरे ।

अनि हाम्रो वामदेव काम्रेडको खबर पनि छ ? हेरेर भन त !

वामदेव काम्रेड एक दिन कोरोना भाइरससंग डराउँदै पहेंलो माक्स लगाएर अस्पताल पुग्नु भए छ । प्रधानमन्त्रीलाई भेट्न भनेर । भेट्न नपाएपछि 'स्वास्थ्य लाभ कामना पुस्तिका' खोज्नु भयो । त्यो पनि पाउनु भएन । त्यसपछि प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापातिर हेर्दै 'बन्दूकको गोली, ओलीको बोली' 'त्यो भन्दा चर्को सूर्यको बोली' भनेर फर्किएनु भएछ ।

'बन्दूकको गोली, ओलीको बोली, त्यो भन्दा चर्को सूर्यको बोली,' भनेको चैं के हो नि झुम्री !

तिमी केही पनि बुझ्दैनौ क्या बुढा । सूर्य थापा भनेको नचाहिने कुराको पछि लाग्नेहर्लाई चोटिलो र तर्क पूर्ण ढंगले भित्तैमा पुग्ने गरी शब्दको कोर्रा लगाउने व्यक्ति हो क्या । हाम्रा प्रचन्न एक पटक अदुवा बटारिए जस्तो परक्क बटारिएका थिए, सूर्यले शब्दको पेचा बनाएर निचोरे पछि जोडले छटपटाए । पछि युवासंघको नेतोले सूर्यलाई धम्की समेत दिएको थियो । सूर्य थापाले शब्दको कोर्राले छाला काढे पछि हाम्रा पुराना काम्रेडहरु भुसतिघ्रे मुङग्रो उचाल्छन् । बिचरा अब त्यो मुङ्ग्रोले के गर्नु डेट स्पायर भइ सक्यो । यता अहिलेको जमानामा पनि पूर्व माओवादी हर्ले गिटी, वालुवा, ढुङ्गा, रोडा, ठेक्का पट्टा , काठ कटानी, फडानी लुटपाट गर्न छोडेका छैनन् । यस्तालाई के भन्नु । त्यस्तै गरी वामदेव काम्रेडलाई खपिनसक्नु तरिकाले हाम्राहर्ले उचाले पछि सूर्यले यथार्थ बोध गराउँदै तर्क पूर्ण तरिकाले सत्य ओकल्दिए । हाम्रा काम्रेडहर्लाई त्यहाँ पनि रिङगटा लाग्यो । हो त्यही भर अस्पतालमा 'बन्दूकको गोली, ओलीको बोली त्यो भन्दा चर्को सूर्यको बोली,' भनेर वामदेवले सूर्य थापालाई भनेको हो ।

ए'..! अहिले बुझें । खरो बोल्ने कडा स्वभावका रान । अनि अहिले प्रधानमन्त्रीलाई चाहिँ कस्तो छरे !

## काँग्रेसमा क्रियाशील सदस्यता धमाधम वितरण गरिँदै

नेपाली काँग्रेसले पार्टीको १४ औं महाधिवेशनको तयारीका लागि नयाँ क्रियाशील सदस्यता वितरण र नवीकरणको कामलाई तीव्र बनाएको छ । पार्टी विधानले तोकेको कार्यविधिबमोजिम प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले नयाँ क्रियाशील सदस्यता वितरण र जिल्ला कार्यसमितिले क्रियाशील सदस्यता नवीकरण गर्न शुरु गरेको काँग्रेसले जनाएको छ । पार्टीको अन्तरिम संरचना समायोजनको कार्य सम्पन्न गरेका काँग्रेसका ३५ जिल्ला कार्यसमितिले हालसम्म नयाँ सदस्यता र नवीकरणका लागि केन्द्रीय कार्यालयबाट बाँकी २ पृष्ठमा

# रामेछाप डायरी

## तरुण दल दोरम्बाको अध्यक्षमा प्रेम थापा मगर



दोरम्बा । नेपाल तरुण दल दोरम्बा गाउँ समितिको अध्यक्षमा प्रेम थापामगर चयन भएको छ । मगरको नेतृत्वमा २१ सदस्यीय तरुण दल दोरम्वा गाउँ समिति सर्बसम्मत चयन गरेको हो । उपाध्यक्ष बिन्देश्वर लामा, मिलन घिसिङ , सचिव अनिल लामा ,सहसचिव सागर लामा, कोषाअध्यक्ष नैनबहादुर नगरकोटी रहेका छन् । त्यस्तै सदस्यहरु मानबहादुर थापा मगर ,सुन्दर मोक्तान , राजन तामाङ ,रुपलाल लामा ,बमबहादुर थामी, दलबहादुर मगर, लाल दोर्जे तामाङ ,निमा घिसिङ , बसन्त मोक्तान ,हस्त बहादुर लामा, हेमलाल लामा ,ज्ञानबहादुर रिजाल मगर ,बाबुलाल तामाङ र धनश्याम थापा मगर रहेका छन् ।

नेपाली कांग्रेसका नेता मानबहादुर लामा, नेपाली काँग्रेस दोरम्बा गाउँ समिति सभापति लबबहादुर थापा मगरलगायतको उपस्थितमा भेला सम्पन्न भएको छ ।

## रामेछाप रामपुरमा अचार बनाउने तालिम सम्पन्न

रामेछाप जिल्लाको रामेछाप नगरपालिका वडा नं ५ रामपुरमा व्यावसायिक अचार बनाउने तालिम सम्पन्न भएको छ । रामेछाप नगरपालिका वडा नं ५ को आयोजना एवम् चारघरे सेवा समितिको सहजीकरणमा तालिम भएको हो । तालिममा वडाको ३ जना पुरुषसहित जम्मा २६ जनाले सहभागीता जनाएको वडाध्यक्ष भिम बहादुर तामाङले जानकारी दिनुभएको छ । चालु आर्थिक वर्षको वडाको ५ लाख बजेटबाट अचार बनाउने, तरकारी तथा फलफुल सम्बन्धि तालिम दिने योजना अनुसार पहिलो चरणमा अचार बनाउने तालिम दिइएको उहाँले बताउनुभयो । अव तरकारी खेती र फलफुल खेतीको तालिम सकेपछि उत्कृष्ट हुनेहरुलाई भ्रमणमा लाने कार्यक्रम पनि रहेको वडा कार्यालयले जानकारी दिएको छ । ३ दिनसम्म भएको तालिममा ६ महिनादेखि १ वर्षसम्म खाना मिल्ने मुला,गाँजार,आँप,काउली,लप्सी लगायतका अचार बनाउने तरिकाबारे तालिम भएको थियो ।

## वालकन्याको साधरण सभा सम्पन्न

रामेछाप । रामेछाप नगरपालीका वडा नं ८ बावियाखर्कमा अवस्थित ऐतिहासीक वालकन्या मन्दिरको साधारण सभा सकिएको छ । शनिबार स्थानिय पाठशाला डाँडामा भएको उक्त साधारण सभामा वोल्दै पुर्व जलश्रोत मन्त्री लक्ष्मण प्रसाद घिमिरेले हिन्दु धर्मालम्विहरुको आस्थाको केन्द्र र धार्मिक महत्वको हिसाबले महत्वपुर्ण रहेको बालकन्या देवी मन्दिरको संरक्षण र सम्वर्द्धनका लागि सबै पक्षले उत्तिकै चासो दिनु पर्ने विचार ब्यक्त गरेका छन् । कार्यक्रममा बोल्दै रामेछाप नगरपालीकाका प्रमुख नर बहादुर थापा मगरले धार्मिक तथा ऐतिहासकि महत्व बोकेको वालकन्या मन्दिरलाई धार्मिक पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेकोले यसको संरक्षण र सम्वर्द्धनका लागि नगरपालीकाले पनि ध्यान दिने बताए । उनले भने नगरको विकास धार्मिक पर्यटन संग समेत जोडिएकोले नगर भित्र रहेका ऐतिहासिक रुपमा नाम दर्ज गराएका अन्य मन्दिरहरुको ब्वयवस्थापनमा नगरपालीका निरन्तर रुपमा लागि रहने बताए । संस्थाका अध्यक्ष शिव प्रसाद घिमिरेको अध्यक्षतामा भएको उक्त साधारण सभामा रामेछाप नगरपालीकाकी उप प्रमुख सुजना खड्का,नेपाली काँगेस रामेछापका सभापति लव श्री न्यौपाने,नेपाल महिला संघकि जिल्ला अध्यक्ष गंगा अधिकारी वडा नं ८ का अध्यक्ष केदार कार्कि लगाएतका बक्ताहरुले वाल कन्या मन्दिरको ऐतिहासिक र धार्मिक उपादयताको बारेमा आ आफनो धारणा राख्दै यसको विकासको आफुहरुले जहिले पनि सहयोगी भूमिका निर्वाह गर्ने बताए । साधारण सभामा संस्थाका सचिव नारायण प्रसाद घिमिरेले साँगठनिक प्रतिवेदन र ३ लाख २६ हजार ७ सय ८५ रुपैयाँ बरावरको प्रस्तुत गर्नु भएको आर्थिक प्रतिवेदन सर्व सम्मत रुपले पारीत गरेको थियो । साधारण सभाले रिक्त रहेको समितिको सचिव, कोषाध्यक्ष र एक जना सदस्य पदमा नयाँ नाम अनुमोदन गरेको छ । उक्त मन्दिको संस्थागत विकास र संरक्षणका लागि स्थानिय अगुवाहरु क्रमश राजन प्रसाद घिमिरेले करिब १२ रोपनि नारायण हरी घिमिरेले करिव साँढे तीन रोपनी,पुष्कर प्रसाद घिमिरेले करिव साँढे आठ रोपनि ,राम्जी बाबु कार्किले १० आना जमिन संस्थाको नाममा दान गरेको जानकारी गराईएको थियो । सो समितिमा १ सय ३४ जना आजिवन सदस्य रहेका र सदस्यत लिने हरुको संख्या बढ्ने क्रम रहेको छ ।

## भिमेश्वर रुद्र माविका विद्यार्थीलाई माक्स वितरण

रामेछाप । विश्वको १ सय २६ भन्दा बढि देशमा फैलिएको नोवेल कोरोना भाइरसको जोखिमतालाई मध्यनजर गरी रामेछापको मन्थली नगरपालिका वडा नं ८ चिसापानीमा रहेको श्री भिमेश्वर रुद्र माध्यामिक विद्यालमा अध्ययनरत विद्यार्थीहरुलाई माक्स वितरण गरिएको छ । मुलुकभर माक्सको चरम अभाव भैरहेको बेला वडा स्तरीय युवा क्लव चसापानीले भिमेश्वर रुद्र माध्यामिक विद्यिालमा अध्ययनतर २ सय बढि विद्यार्थीहरुका लागि माक्स बितरण गरेको क्लबका अध्यक्ष बोध प्रसाद दाहालले बताए । उनले कक्षा ६ देखी कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीका लागि माक्स विरण गरिएको बताए । माक्स वितरण कार्यक्रममा बोल्दै श्री भिमेश्वर रुद्र माध्यामिक विद्यालका प्रधानाध्यापक शंकर प्रसाद ढुंगेलले विश्वमा फैलिरहेको कोरोना भाइरसका बारेमा आफ्ना विद्यालयमा अध्यनरत विद्यार्थी र शिक्षकहरुमा चेतना मूलक अन्तरक्रिया भैरहेको बताए । उनले अभाव भैरहेको बेलामा माक्स प्रदान गरेकोमा वडा स्तरीय युवा क्लव चिसापानीलाई धन्यवाद व्यक्त गरे । कार्यक्रममा अनेराश्ववियु रामेछापका सदस्य सफल दाहालले वर्तमान समयको अत्यावश्यक माक्स विद्यार्थीलाई वितरण गरेर युवा क्लवले राम्रो कामको सुरुवात गरेको बताए ।

# मुटु छुने कथा



सागर बोहरा 'अंकल'

एउटि सारै राम्रि केटि थिईन, जस्लाई देखे पछि मन नपराउने कोहि थिएन उसको एक गरिब प्रेमि थीयो जो उसलाई धेरै माया गर्थ्यो,उनिहरु आपसमा खुब माया अनि बिस्वास थियो जब गरिब प्रेमिले भेट मा भन्ने गर्थ्यो सानु तिम्रा सारा रहर त पुरा गर्न सक्दिन तिमिलाई सुख दिन सक्दिन, महलमा राख्न सक्दिन ।

मेरो घरको झुपडि मा राख्दा यत्ति राम्रि छेउ सबैको नजर लाग्छ होला र म तिमिलाई सँधै यस्तै माया अनि जिबन भर को खुसि दिन सक्छु । तिमिलाई त्यो भए पुग्छ केटि मुस्कुराउथिन अनि पुग्छ भन्थिन, एक दिन को कुरा हो त्यो केटि कुनै धनि केटाको नजर मा परिन केटालाई केटि सारै मन पर्यो उस्ले सँधै उसको पिछा गर्न थाल्यो पगल पन देखाउन थाल्यो म तिमि बिना बाच्न सक्दिन यस्तै यस्तै केटि उस्को ब्याबहार देखेर हैरान भई तर पनि उस्ले पागल पन देखाउन छोडेन सँधै को झनझट भन्दा माया गर्छु भनिदिन्छु कुरै खतम केटि ले पनि म माया गर्छु भनिन, जब उनि धनि केटा संग भेट्न गईन उस्ले हाम्रो पहिलो भेटको उपहार भनेर उनलाई सुनको सिक्रि दियो ।

उनले पनि स्वीकारिन दुबै खुसि का साथ पल बिताए समय चल्दै गयो यसै गरि उनि गरिब आफ्नो प्रेमिसंग पनि मिल्न जान्थिन उनको हर पटक शरिर मा एक न एक नयाँ सामान देखेर प्रेमि ले सोध्यो सानु यस्तो महंगो सामान कस्ले दीयोर सायद म कहिले दिन सक्दिन होला तिमिलाई पैसाले सबै थोक किन सके पनि सुख शान्ति अनि चोखो निन्द्रा कहिल्यै किन्न सक्किन, मेरो घर मा खान लाई ढेडो पाक्छ तर पनि मिठो निन्द्रा लाग्छ सपनी दख्नलाई बिस्तारा होईन निन्द्रा चाहिन्छ केटि मुस्कुराउथिन मात्र समय बित्यो धनि केटाले देखाएको माया ले गरिबको मायालाई पछाडि पार्यो उनले बिस्तारै त्यो पुरानोप्रेमि लाई भेट्न छोडिन।

त्यो धनि केटासंग उनले बिहे गर्ने भईन यो कुरा गरिब केटाले चाल पायो उस्ले अन्तिम पल्ट भेट्छु भनेर बोलायो केटि गईन केटा मुस्कुराउदै भन्यो राम्रो गरेउ तिमिले जिबन जिउनका लागि माया मात्र काफि छैन जुन तिमि मा देख्दै छु । म तिम्रै खुसिदेख्न चाहाने मान्छे हुँ तिमि खुसि हुनु तिमि महलमा बसेर मिठो परिकार खाउलि तर म झुप्रो मा बसेर ढिँडो खाएर नै संतोक गर्छु ।

तिमि मखमलको बिस्तारामा निदाउलि म गुन्द्रिमा सुतेर नै मिठो सपना देक्छु तिम्रो नया जिबनलाई शुभकामना। केटाले जाने बेलामा आँशु झार्यो अनि भन्यो मलाई बिर्से पनि यो आँशुलाई कैले पनि न बिर्सनु यो मेरो उपहार हो तिमिलाई गरिबसंग हुने यहि एउटा मात्र अमुल्य उपहार हो लैजाउ। केटि केहि बोलिनन गईन उनको बिहे भयो पहिलेत राम्रै थियो केटाले पनि राम्रै गर्यो दिन बित्दै गयो केटा रक्सि पिएर दिनहु झगडा गर्न थाल्यो तँ यस्तो उस्तो तेरो पहिलो प्रेमिसंग जा यस्तै हुदो न हुदो कुरा गर्दै उस्लाई पिट्न थाल्यो। दैनिक यस्तै सहनै नसके पछि उनले त्यो घर छोडिन अनि माईति मा बस्न लागिन अब न उनिसंग रुप थियो न जवानि नै न त ईज्जत नै सबै लुटियको थियो बल्ल उनलाई पुरानो प्रेमिले झारेको आँशु याद आयो उसको हर कुराको याद आयो रक्सि खाएर दिन रात कुटाई खाएर महल मा बस्नु भन्दा ढेँडो खाएर झुप्रो मा मायालुको अंगालो मा निदाउनु जातिरहेछ ।

उनि रुन्थिन जिबना सहनै गारो भयो उनलाई एक दिन मर्छु भनेर उनि घर छोडेर राति नजिकै को चौतारामा पासो लगाउन गईन उनि सबै सकेर पासोलगाउन मात्र लागेकि थिईन कसैले सानु भनेर बोलायो उनि पछाडि फर्किन त उनको पुरानो प्रेमि रहेछ उनलाई खपि नसक्नु भयो उस्को अंगालो मा बसेर धेरै रोईन अनि केटाले भन्यो म तिमि पछिको दिन हरुमा सँदै यो एकान्त चौतारा मा बसेर रात बिताउथे सुर्य उदाउदा मेरो सानु को दिन राम्रो बितोस भनेर कामना गर्थे रात पर्थ्यो मिठो सपनि को कामना गर्थे सधै तर आँशु कैले झारिन। आज सबै दुख पाए पछि बल्ल मेरो माया को काबिल भएर आएकिछेउ अनि मेरो उपहार आँशु साथ लिएर आएकि छेउ म खुसि छु कि तिमिले मेरो उपहार फिर्ता गरेउ।

मेरो झुपडि मा बसेर सपना देख्न सक्छेउ भने,तिम्रो पेट भरिन्छ भने म तिमिसंग जिबन बिताउन तयार छु। उनले पनि खुसि कासाथ उसको साथ दिईन। साँचो माया गर्ने हरु को सपना एक न एक दिन अबस्य पुरा हुन्छ ढिलो या चाडो मात्र हो आफ्नो मायामा बिस्वास गर्नअनि आफुमा बिस्वास गर्न सक्नु पर्छ होईन र मित्रहरु माया गर्न हैन चिन्न सिकौ ।

# इलामको सीमावर्ती बजार सुनसान

सीमावर्ती बजार पशुपतिनगर यतिबेला सुनसान भएको छ । कोरोना भाइरसको त्रासले भारतसँग सीमा गाँसिएको बजार सुनसान भएको हो । बङ्गाली पर्यटकको घुइँचो लाग्ने पशुपतिनगर बजारमा हाल पर्यटकहरु आवतजावत गर्न छाडेका छन् । प्रायः पसलका सटरहरु पनि बन्द नै हुने गरेका छन् । कोभिड-१९ को प्रकोप फैलन सक्ने भन्दै भारतको पश्चिम बङ्गाल सरकारले सीमामा 'सिल' गरेपछि इलामका सीमावर्ती बजारहरु सुनसान भएका हुन् ।

भारतीय पर्यटकको भीड लाग्ने पशुपतिनगर, मानेभञ्ज्याङ, छब्बिसे, जौबारी, सन्दकपुरलगायत सीमावर्ती बजार र पर्यटकीयस्थल प्रायः सुनसान भएका हुन् ।

भारत सरकारले आइतबार साँझसम्ममा नेपाल प्रवेश गरेका भारतीय र भारत प्रवेश गरेका नेपालीलाई आ-आफ्नो देश फर्कन निर्देशन दिएपछि पशुपतिनगर नाकाबाट आफ्ना घर फर्कन थालेका छन् । पशुपतिनगर नाका भएर भारत गएका पर्यटकलाई भने झापा काँकडभिट्टा नाकाबाट पठाउने भारतीय अधिकारीले जनाएका छन् ।

पशुपतिनगरका नेपाल प्रहरी प्रमुख रमेश राईले नेपालतर्फ सुरक्षित अवस्था रहे पनि उच्च सजगता अपनाइएको छ । अहिलेसम्म सात भारतीय नागरिकमा उच्च ज्वरो आएको देखिएकाले भारततिरै फर्काइएको छ । सूर्योदय नगरपालिकाले सञ्चालन गरेको सहायता कक्ष 'हेल्प डेस्क'मा परीक्षण गराउँदा उनीहरुमा १०४ डिग्रीभन्दा माथि ज्वरो देखिएको थियो ।

पशुपतिनगरमा स्थापना गरिएको हेल्प डेस्कमा फागुन २२ गतेबाट हालसम्म सात हजारभन्दा बढीको स्वास्थ्य जाँच गरिएको नगरपालिका प्रमुख रणबहादुर राईले बताउनुभयो । भारत प्रवेश गर्नेको भारततर्फ नै स्वास्थ्य जाँच गरिँदै आइएको छ । नेपाल प्रवेश गर्नेको नेपालतर्फ स्वास्थ्य जाँच गरिँदै आएको छ ।

दुवै देशको सीमा क्षेत्रमा हेल्प डेस्क स्थापना गरिएको सीमा क्षेत्रमा नगरपालिकाले पशुपतिनगर स्वास्थ्य केन्द्रमा चिकित्सकसहितको स्वास्थ्य टोली आकस्मिक सेवा दिने गरी तयारी अवस्थामा राखेको छ । त्रासकै कारण भए पनि बजार सुनसान बन्दा पसलको बैंकमा किस्ता तिर्न समस्या परेको व्यापारीहरुको भनाइ छ ।




## अन्तराष्ट्रिय समाचार

### इटालीमा कोराना भाइरसका कारण मृत्यु हुनेको संख्या १,४४१ पुग्यो

विश्व स्वास्थ्य संगठनले महामारी रोगको संज्ञा दिएको कोरोना भाइरसको सङ्क्रमणबाट इटालीमा मृत्यु हुनेको सङ्ख्या शनिबारसम्म एक हजार ४४१ पुगेको छ । स्वास्थ्य अधिकारीहरुले दिएको जानकारीअनुसार सङ्क्रमितको सङ्ख्या शनिबारसम्म १७ हजार ७५० पुगेको छ । कोरोनाको सङ्क्रमणबाट चीनपछि सबैभन्दा धेरै इटालीमै मृत्यु भएको हो । त्यसैगरी बेलायतमा पनि बिरामीको सङ्ख्या एक हजार १४० पुगेको छ । बेलायतमा कोरोनाका कारण मृत्यु हुनेको सङ्ख्या भने २१ पुगेको अधिकारीले जनाएका छन् । पछिल्लो पटक मृत्यु भएका दश जनामध्ये सबै ६० वर्षभन्दा बढी उमेरका रहेको बेलायती स्वास्थ्य तथा सामाजिक हेरचाह विभागले जनाएको छ । चीनमा तीन हजार १९९ जनाको मृत्यु भएको छ भने ८० हजार ८४४ जना सङ्क्रमित भएका छन् । चीनमा कोरोनाको सङ्क्रमणमा नाटकीय रुपमा सुधार आएसँगै शहर बजारको आवतजावत खुकुलो पारिएको र उद्योग, कलकारखाना खुल्न थालेका छन् । तेस्रो धेरै प्रभावित हुनेमा इरान परेको छ । इरानमा १२ हजार ७२९ जना सङ्क्रमितमध्ये ६११ जनाको मृत्यु भएको छ । त्यसैगरी दक्षिण कोरियामा आठ हजार १६२ जना बिरामी र ७५ जनाको मृत्यु भएको छ भने स्पेनमा छ हजार ३९१ जना बिरामी भएका छन् भने १९६ जनाको मृत्यु भएको छ । कोभिड १९ को सङ्क्रमणका कारण विश्वभर आइतबारसम्म एक लाख ५९ हजार ८४४ जना सङ्क्रमित भएको विभिन्न मुलुक र अन्तर्राष्ट्रिय संस्थाबाट एएफपीले सङ्कलन गरेको तथ्याङ्कमा उल्लेख गरिएको छ । कोभिड(१९ सङ्क्रमणका कारण विश्वभर छ हजार ३६ व्यक्तिको मृत्यु भएको बताइएको छ । कोरोना भाइरसका कारण सबैभन्दा बढी चीनमा तीन हजार १९९ जनाको मृत्यु भएको विश्व स्वास्थ्य संगठनले जनाएको छ । त्यस्तै यूरोपको सबैभन्दा बढी प्रभावित मुलुक इटलीमा एक हजार ९०७ व्यक्तिको मृत्यु भएको छ। शनिबार पाँच हजार ७५३ जनामा सङ्क्रमण पुष्टि भएकोमा यो सङ्ख्या आइतबार साँझसम्म सात हजार ७५३ पुगेको इटलीका अधिकारीहरूले जनाएका छन् । शनिबारदेखि आइतबारसम्म २४ घण्टाको अन्तरालमा स्पेनमा १०५ जनाको सङ्क्रमणका कारण मृत्यु भएको त्यहाँका अधिकारीले पुष्टि गरेका छन् । यससँगै स्पेनमा कोरोना भाइरसका कारण मृत्यु हुनेको सङ्ख्या २८८ पुगेको छ ।

### कोभिड १९ : अष्ट्रियामा पाँच जनाभन्दा बढी भेला हुन रोक

अस्ट्रियामा कोरोना भाइरसको संक्रमण बढ्ने क्रम तीब्र हुन थालेको भन्दै रोकथामका कडा उपायलाई अवलम्बन गर्न नागरिकलाई सरकारले आग्रह गरेको छ । सरकारले आइतबार एक निर्देशन जारी गर्दै सङ्क्रमणलाई नियन्त्रण गर्न पाँच वा सोभन्दा बढी संख्यामा मानिसहरु भेला हुन रोक लगाएको छ । सरकारले अनावश्यक रूपमा हुने आवागमनलाई पनि रोक्न आवश्यक भइसकेको जनाउँदै अत्यावश्यक बाहेक घरभन्दा बाहिर ननिस्कन आग्रह गरेको छ । सरकारले आगामी मङ्गलबारदेखि यहाँका रेस्टुरेन्टहरु पनि बन्द गर्ने तयारी गरिरहेको सरकारी अधिकारीले बताएका छन् । अष्ट्रियामा सङ्क्रमणका कारण एक जनाको मृत्यु भएपछि सरकारले नियन्त्रणका लागि कडा कदम लिएको बताइएको छ। आइतबार सङ्क्रमितको सङ्ख्या ८०० पुगेको छ भने पछिल्लो एक दिनमा मात्रै १४५ जनामा सङ्क्रमण देखिएको छ । अस्ट्रियाले बेलायत, नेदरल्यान्ड्स, रुस, युक्रेन, इटाली र स्वीजरल्यान्डका नागरिकलाई आफ्नो देश प्रवेशमा प्रतिबन्ध लगाएको छ । यसैबीच विश्वभर एक लाख ५२ हजार ४२८ व्यक्तिमा कोरोना भाइरस संक्रमण पुष्टि भएको विश्व स्वास्थ्य सङ्गठनले आइतबार जनाएको छ । उहाँका अनुसार विश्वका १४१ मुलुकमा कोरोनाको सङ्क्रमण फैलिएको र सङ्क्रमितमध्ये पाँच हजार ७२० जनाको उपचारका क्रममा मृत्यु भएको छ । लगभग छ हजारको सङ्ख्यामा सङ्क्रमणका जटिल समस्या रहेको विश्व स्वास्थ्य संगठनले जनाएको छ । संगठनका प्रवक्ता फादेला चाइबले पछिल्ला दिनमा यूरोपमा सङ्क्रमणको प्रकोप बढी देखिएको बताउनुभयो ।

### ६ विधानसभा सदस्यको राजीनामा स्वीकृत

भारतको मध्यप्रदेश राज्यका सभामुख नर्मदाप्रसाद प्रजापतीले विधानसभाका ६ जना सांसदको राजीनामा स्वीकृत गर्नु भएको छ । उनीहरु सबै भारतीय राष्ट्रिय काँग्रेसका हुन् । काँग्रेसका इमर्ती देवी, तुल्सी सिलावात, प्रधुमन सिंह टोमर, महेन्द्रसिंह सिसोदिया, गोविन्द सिंह राजपूत, र प्रभूराम चौधरीले पार्टी परित्याग गरेपछि काँग्रेसको अनुरोधमा उनीहरुको राजीनामा स्वीकृत भएको हो । उनीहरुलाई केही समय अगाडि राज्य सरकारको मन्त्रिपरिषद्बाट हटाइएको थियो । काँग्रेसका अन्य २२ जना विधायकले पनि पार्टीबाट राजीनामा दिइएको घोषणा गरेका छन् । ती सांसदहरुको घोषणासँगै मुख्यमन्त्री कमलनाथ नेतृत्वको प्रदेश सरकार सङ्कटमा परेको छ ।

आयुर्वेदिक उपचारको पहिलो रोजाइ
विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

**लाइन्स चोक, नारायणगढ, चितवन**

सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।

(बालकथा)

# सुवासको लमजुङ यात्रा



**तेजप्रकाश बाँनिया**
**पूर्व सहायकरथी**

सुवास र कमल मन मिल्ने साथीहुन् । उनीहरु छात्रावासको एउटै कोठामा बस्छन् । सुवासको घर काठमाडौंबाट डेड घण्टा बसको दुरी, थलीभञ्ज्याङ ठाउँमा पर्दछ । कमलको घर लमज्ङ जिल्लाको सुन्दरपुर भन्ने ठाउँमा पर्दछ । उनीहरु दुवैजनागाउँको स्कुलबाट पाँचकक्षापास गरी काठमाडौंको सिद्धार्थ सदन माध्यमिक विद्यालयको कक्षा ६ मा भर्ना भएका हुन् । गाउँको सरकारी स्कुलमा नेपाली माध्यमबाट अध्ययन गरी काठमाडौंको अंग्रेजी माध्याममा पढ्नु पर्दा शुरूको केहीमहिना त दुवैलाई असहज जस्तों भयो । तर मिहिनेतका साथ अध्ययन गरी दुवैले कभर गरे । त्यो वर्षको पढाइ पनि सकियो । दुवै जनाले छैटौं कक्षाको फाइनलमा राम्रो अंकसाथ उत्तीर्ण गरे । चारदिन पछि एक महिना जाडोको छुट्टी हुने सूचना पनि टासिएको छ । छुट्टीमा कमलले सुवासलाई लमजुङ घुमाउन लाने विचार गरे ।

सुवासलाई 'म तिमीलाई एक हप्तालमजुङ घुमाउन लैजान्छु । शुक्रबार घर जाँदालमजुङ जान घरबाट स्वीकृति लिएर आऊ । खाने, बस्ने पैसा केही चाहिँदैन सिर्फ बसभाडा भए हुन्छ' ।

यति राम्रो कुरा घरबाट अवश्य स्वीकृति मिल्छ भनेर, 'ल हुन्छ !' भनिहाले ।

शुक्रबार घर पुग्ने बित्तिकै बालाई 'मैले एउटा खुशीको खबर ल्याएको छु' भन्दै अंकमाल गर्न पुगे । बाबुले पनि छोराको अनुहार र चुरीफुरी देखेर हँसिलो मुद्रामा, 'ल भन त छोरा त्यस्तो खुसीको कुरा के हो ?कतै बाघ मार्‍यौ कि, कतै लडाई जित्यौ कि , कक्षामापहिलो भयौ कि !' सोधे ।

'बा ! त्यो केहीहोइन, म पर्सि आइतबार साथी सुवाससँग लमजुङ घुम्न जाने भएँ'भनिसक्दै थिए । बाबुले रिसाएर झर्कदै'एउटा छोरा कहाँ घुम्न जानु । पर्दैन नजा, जाने भए, भोलि पर्सि ठूलो भएपछि मसँगजालास्' । भनिदिए । उता कमललाई हुन्छ भनिसकेको छ । अब के गर्ने !

बाबु गाउँ, समाजमा सङ्कीर्ण र पैसाको मामिलामा कन्जुस छन् भन्ने सुवासलाई थाहा थियो । उनले घरको पैसा धेरै खर्च नहुँने, आतेजाते बस भाडा मात्र भए पुग्ने । छुट्टीको समयमा यस्तो मौका फेरि नआउने, बेली बिस्तार लगाए । बालहठ न हो अनेक किसिमको बिङ्गा लगाएर मनाइ छाडे । आमाले पनि घुम्न जानदिनु उचित हुन्छ भन्ने मनसाय व्यक्त गर्दै छोराको पक्ष लिइन् ।

बाबुले दिएको बसभाडा र एकजोर जगेडा कपडा लिएर शनिवार बेलुका सुवास छात्रावासमा आइपुगे । आइतबार बिहान आठ बजे बसपार्कमा पुगे । कमलले आफनो परिचयपत्र देखाएर लमजुङ बेशीशहर जाने दुईगोटा टिकट लिए । उताबाट छोरालाई विदाई गर्न थाहै नदिई सुवासको बुबा पनि थलीबाट टुप्लुक्क आइपुगे । बीस पच्चिस मिनेट समय बाँकीभयो । तीनजना सँगै बसेर चियाखाए । बस स्टार्ट भयो । यात्रुहरु आ-आफनो सिटमा बस्न थाले । बाबुले दुवैलाई बोलाएर, 'राम्रोसँग जानु । फर्कने दिन कति बेला हुन्छ आएर यतै बस्नु । म भोलि पल्ट बिहान आउँछु अनि घर जाउला'भनेर अह्राए । दुवैजना सिटमा बसे । गाडी घुर्र गर्दै अगाडि बढ्यो । काठमाडौं उपत्यका नछोडेको सुवास बसले कतै हिमाल, कतै बस्ती, कतै वन-जङ्गल देखाउँदै तीब्र गतिमा हिँडेको देखेर उनले आफनो घर जाने लोकलगतिको बस एकपटक सम्झिएर चकित परे । छिटोछिटो नागढुंगा, खानीखोला, नौविसे, धार्के, जुगेखोला, गल्छी, गजुरी, मलेखु, कुरिनटार हुँदै एक बजे मुग्लिनपुगे । मुग्लिनको चहलपहल देखेर त सुवास झनै चकित परे । खानाखाएर एकछिनपछि सबै यात्रीपुनः बस चडे । बसले आफ्नो गतिलियो । मुग्लिनको पुल तरेर तनहुँको आबु खैरेनी, डुम्रे हुँदै मर्स्याङ्दी नदीको पुल तरेर पाउँदीगेट, भोटेओडार हुँदै तीनबजे त लमजुङको बेशीशहर पुर्‍यायो ।

बेशीशहरबाट लोकल बस समातेर उनीहरु एकघन्टामा कमलको गाउँ सुन्दरपुर पुगे । कमलले बा, आमालाई देख्ने बित्तिकै ढोग गरे र बाबुलाई भने, 'बा मैले के कोसेलील्याएको छु हेर्नोस् त भनेर, साथीपट्टि देखाए । अनि सुवासलाई मेरा बा, आमाभनेर चिनाए । सुवासले पनिदुवैजनालाई नमस्कार गरे । साथी देखेर बा, आमाझनै खुशी हुँदै, 'ल आजआराम गर, भोलिबाट घुमौला' । भनेर बोटबाट अलिकति सुन्तला टिपेर ढक्कीमा राख्दै ल खाओ भनेर उनीहरूको अगाडि राखिदिए । शहरमा बासी सुन्तला खाएको सुवासले ताजा सुन्तलाको स्वादपाएर मख्ख परे ।

भोलिपल्ट बिहान चाँडै नै नास्ता गरेर दुवैजना घुम्न निस्किए । विभिन्न ठाउँको सांस्कृतिक, ऐतिहासिक र प्रकृतिप्रदत्त देउराली, भन्ज्याङ, चौतारी, उकाली, ओराली आदि डाँडापाखा सारा रमाइला स्थलहरूको अवलोकन गरे । हुँदाहुँदै साँझपर्‍यो । त्यहाँआफन्त परे आफन्त र नपाए अरूकोमा अतिथि भएर पनिकमलले खान बस्नको निशुल्क व्यवस्था मिलाए । चारदिन सम्म यसरी धेरै ठाउँ घुमाए र घर फर्किए ।

पाँचौ दिन लमजुङको प्रसिद्ध घले गाउँ घुम्ने दिनथियो । घरबाट बिहान चाँडै चिया नास्ता खाएर निस्किए । घले गाउँको बारेमा सुवासले अरूबाट कतताकता सुनेका पनि थिए । तर आजप्रत्यक्ष देख्न पाए । केही बेरमा लोकल बसले घलेगाउँ पुर्‍याइदियो । हेर्दै , घुम्दै घले गाउँको माझतिर पुगेपछि कमलले एक जनालाई नमस्कार गरे । साथीलाई पनि देखाएर नमस्कार गर्न संकेत गरे । ती व्यक्ति कमलको मितबा रहेछन । उनी केही वर्ष देखि होमस्टे चलाए बसेका रहेछन् । मित छोरा र साथीलाई 'ल खाजा खाएर घुम्नु भरे बेलुकायहीँ बस्नुपर्छ । भोलि बिहान यहीँ खाना खाएर मात्र घर जाउला 'भने कोठा देखाइदिए । उनीहरू त्यही खाएर दिनभरि घले गाउँ डुली बेलुका फर्किए ।

भोलिपल्ट बिहान काठमाडौं फर्किनुपर्ने हुनाले छिट्टै घर फर्किए । घर आउने बित्तिकै कमलकाबाबुले सुवासलाई हेर्दै भने, 'आयो- गयो, माया-मोहो, आएनगएनको हो को हो' भनिन्छ । अबतिमीहरू राम्रो साथीभयौ । अँउदै गर्नु, । राम्ररी जानु' । भन्दै कोसेलीको रूपमा एक झोला सुन्तला सुवासलाई भिराउदै ल यो सुन्तला काठमाडौं पुगेर तिमीले आमाबाबुलाई दिनु भन्दै विदा गरे ।

कमलकाबाबुले बिहान बेशीशहर पुगेर फर्किने मानिसलाई माइक्रोबसको दुईगोटा टिकट पनिमगाएका रहेछन् । सुवासलाई हातमा राखिदिए । कमलले बाबु आमालाई ढोग गरे र बिदामागे । सुवासले चाहिँ दुवै जनालाई नमस्कार गरे । लोकलबस पनिआइपुग्यो । दुवैजना चढे । केही बेरमा बेशीसहर पुगि हाले । हातको टिकट हेर्दै माइक्रोबस खोजेर चढे । माइक्रोबस काठमाडौंतर्फ हुइकियो । बाटोमा बस गुड्दै गर्दा सुवासले आफूलाई कमलका परिवार र पुरै लमजुङले देखाएको आतिथ्य सत्कार सम्झिए । उनले पनिमनमनै भोलि घर जाँदाकमललाई घरमा लैजान्छु भन्ने सोच बनाए । झल्यास्सपार्दै कमलले 'के सोचेको' भन्दै घचघच्याए । 'होइन लमजुङको रमाइलो दृश्यहरू देखेर यो जिल्लामा बृहतपर्यटकीय विकास गर्न सके कस्तो होला सोचेको नि'भनेर कुरा मोडे । बाटो चियाखाजाखाँदै ५ बजे काठमाडौंआइपुगे । दिनभरिको गाडीको यात्राले लखतरानभएर उनीहरू मेसमा खाना खाएर कोठामा आरामगर्न पुगे । भोलिपल्ट बिहान थलीबाट सुवासको बाबु पनि आइ पुगे । सकुशल छोरा आइ पुगेकोमा मनमनै खुशी भए र कमललाई हेर्दै, 'घुमाएर ल्यायौ, धन्यवाद बाबु'भने । अब तिमी कहाँ जान्छौ ।' भनेर सोधे । जवाफमा'म सुवासलाई पुर्‍याउनमात्र काठमाडौं आएको, अब घर फर्किन्छु' भन्ने उत्तर दिए । त्यसपछि सुवासका बाबुले छोरालाई लिएर हिंडे । कमललाई आफ्नो घर लैजानलाई एक वचन सोधेर औपचारिकता पनि पुरा गरेनन् । सुवासले बाबुको स्वभाव देखेर चुँ सम्मबोल्ने आँट गर्न सकेनन् । बरू विचार गरे, आखिर शहरी जीवन र गाउँले जीवन, शहरी संस्कृति र ग्रामिण संस्कृति शहरीकरणको पराकाष्टा भनेको यस्तै होला । आदि इत्यादि यस्तै हो भनेर चित्त बुझाए ।

**दूरसञ्चार सेवाको प्रयोग सम्वन्धमा बुझिराख्नु पर्ने केही कुराहरु**

- आफ्नो नाममा दर्ता भएको कुनै पनि टेलिफोन/मोवाइल अर्कैले प्रयोग गरी दुरुपयोग हुन सक्ने सम्भावना भएको र कतिपय अपराधिक घटनाहरु मा यस्ता दूरसञ्चार सेवाको प्रयोग भएको पाईएकोले आफ्नो नाममा दर्ता भएको टेलिफोन/मोवाइल दुरुपयोग हुनबाट सचेत होऔं, साथै नियमानुसार नामसारी गरेर मात्र अरुलाई प्रयोग गर्न दिने बानी बसालौं ।
- अनाधिकृत दूरसञ्चार सेवाको प्रयोग/विस्तार कानूनत दण्डनीय छ । तसर्थ नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले प्रदान गरेको सेवा मात्र प्रयोग गर्ने तर्फ सजग होऔं ।
- कुनै अपरिचित व्यक्तिलाई आफ्नो मोवाइल फोन प्रयोग गर्न नदिउँ । यदि आवश्यकता नै परेमा उसको बारेमा बुझेर मात्र प्रयोग गर्न दिउँ ।
- तपाईले खरिद गर्न लाग्नु भएको प्रि-पेड मोवाइलको सिम कार्ड Seal Open भएको, Balance कम भएको वा पहिले नै रजिष्टर भैसकेको हुन सक्ने भएकोले त्यसमा सचेत हुनु होस् र पछि आईपर्ने झन्झटबाट मुक्त हुनु होस् ।
- दूरसञ्चार सेवाका उपभोक्ताहरुले आफ्नो टेलिफोन/मोवाइल हराएमा वा चोरी भएमा सम्बन्धित सेवा प्रदायकको सोधपुछमा सम्पर्क राखी बन्द गराउनु होला, जसको कारणले तपाईको हराएको वा चोरी भएको मोवाइल फोन दुरुपयोग हुनबाट बच्न सक्नुहुनेछ ।

नेपाल दूरसंचार प्राधिकरण
कमलादी, काठमाडौं, नेपाल
फोन नं.९७७-१-४२५५४७४
फ्याक्स: ९७७-१-४२५५२५०
, पो.ब.नं.: ९७५४,
ई-मेल: ntra@nta.gov.np
वेभसाइट: www.nta.gov.np

गजल

नदि नहुदो हो त किनारा सगै बगर नहुनसक्छ ।
बन्द बाकस आईपुग्नु अगावै खबर नहुनसक्छ ॥

लाग्यो पिएर तनाव कमगर्छु भन्नुपनि बेकार थियो ,
मदिरा लिनुको विकल्प कसैको अफर नहुनसक्छ ।

महँगी चुलिदै गएपछि घर खेत बन्धकी राखियो,
बाध्यता उस्तै थियो मुग्लान पस्नु रहर नहुनसक्छ ।

खेप्नुपर्छ उतारचढाव जब घरिघरि अनयासै,
गन्तव्य नभेट्दासम्म नै कसैको कदर नहुनसक्छ ।

मनले चाहदैमा सबै चीज सहजै पाईदैन मित्र,
बिचार गर्नु कि कसैमा उसको नजर नहुनसक्छ ।

**रामकुमार श्रेष्ठ 'फुच्चे'**
**सुर्यपाल,लमजुङ**

डोली चढाई सिन्दुर हाली पर्ख लान्छु एकदिन।
शुभ साईतको बजाई ताली पर्ख लान्छु एकदिन ॥

तिमी मेरो मलाई तिम्रो हुनै दिन्न भन्छ समाज,
आफ्नै मनको बनाई माली पर्ख लान्छु एकदिन ।

संसार जित्ने आट दियौ आशु पुछ्ने हात थियो,
दुनियाँले भनुन जाली पर्ख लान्छु एकदिन ।

खुट्टा तान्ने तानीरहुन भाजो हाल्ने हालीरहुन,
सबको सामु यसै पाली पर्ख लान्छु एकदिन ।

आफैलाई रित्याएर कति दिन पिउनु यार,
रहे पनि बोतल खाली पर्ख लान्छु एकदिन ।

**रामकुमार श्रेष्ठ 'फुच्चे'**
**सुर्यपाल,लमजुङ**

कविता

## बाँचेका मान्छे तिमी सहिद



गोली निलेका ए राष्ट्रिय धरोहर
तिम्रो योगदान र बलिदान धन्य छ
सबको ओठमा तिमी सबको मनमा तिमी
तिमीलाई त सारा जगतले चिन्दारैछन सधै मरेर गएपनि
जीवन हिड्ने अप्ठ्यारो बाटोमा
देश र जनताको मुक्तिका खातिर
हाँसीहाँसी बलिदान दिएर बाँचेको मान्छे
जनतालाई अगालेर
राष्ट्रलाई श्रद्धा गर्ने वीर योद्धा
यहाँ त मरेतुल्य बाँच्न जानेका छन्
तर तिमी झै मरेर बाँच्न जान्दैनन्
बिहानी भैसक्यो
अझै ब्यूँतेनौ तिमीहरु ?
सिकाउनुछ अमर प्रीतको गाथा र देशप्रेमको कथा
तिम्रो उपेक्षामा भक्कानिन्छ देश किनकि
तिमी त सदासदाको लागि मरेर पनि बाँचेको मान्छे
किनकि तिमी त निडर आत्मा बोकी अघि बढ्ने मान्छे
फरक यत्ति हो हो तिमी बाँचेका छौ साराका लागी
तर यहाँ बाँच्न खोज्छन् आफ्नो लागि
फरक यत्ति हो कि तिमी मरेर पनि अमर जुनी बाँचीरह्यौ
तर यहाँ बाँचेर पनि मरेतुल्य छन ॥

**रामकुमार श्रेष्ठ'फुच्चे'**
**सुर्यपाल,लमजुङ**

**डा. जेवि पाठक**
**शितल होमियोप्याथिक फार्मेसी**
**लायन्सचोक, नारायणगढ**

हामीकहाँ विशेष गरी विना अप्रेशन पाईल्स, फिस्टुला, शरीरमा भएको ट्युमर, मूसा (Warts), मृगौलाको पत्थरी, एवं बाथ, दम, ग्यास्ट्रीक, अल्सर, टन्सिल, बारम्बर रुघाखोखी लागि राख्ने, कपाल झर्ने, महिलाहरुको महिनावारी समयमा नहुने, सेतो पानी बग्ने, एवं छाला सम्बन्धी विविध रोगहरुको सफलतापूर्वक उपचार गरीन्छ ।

**(विरामी जाँच्ने समय : विहान ११ वजे देखि साँझ ६ वजेसम्म)**

# रामनगर बजार व्यवस्थापन समिति गठन

**चितवन । मोहन पोखरेल**

अस्तव्यस्त हुँदै गइरहेको रामनगर बजारलाई व्यवस्थित बनाउनका लागि पहल शुरु भएको छ । भरतपुर महागनरपालिकाको मापदण्ड विपरित संचालन हुँदै आएको होटल, रेष्टुरेण्ट तथा अन्य कारोवारबाट उत्पादित फोहोर व्यवस्थापनको लागि यहाँका वौद्धिक वर्ग अग्रसर देखिएका हुन् ।

यी वाहेक अन्य प्रयोजनबाट पनि रामनगर प्रदुषित भएको छ । यस्ता यावत् समस्या समाधानका लागि हालै रामनगरमा रामनगर बजार व्यवस्थापन समिति गठन गरिएको बताइएको छ ।

भरतपुर महानगरपालिका वडा नं. १ का कार्यकवाहक अध्यक्ष यम बहादुर मगरको अध्यक्षतामा बसेको भेलाले १५ सदस्यीय समिति गठन गरेको हो ।

अध्यक्ष तारानाथ कुँवर र उपाध्यक्षमा भरत भण्डारी रहेका छन् । त्यसै गरी सचिवमा हरेन्द्र राज के.सी र कोषाध्यक्षमा निल कुमार थापा । सदस्यहरुमा भानु न्यौपाने, शंकर लामिछाने, केशव भण्डारी, केशवर राज रिमाल, जीवनाथ पराजुली, प्रेम दत्त सापकोटा, राजाराम तिवारी, विनोद भुजेल, रमा भट्ट, सिता भट्ट र भोजराज कँडेल रहेका छन् ।

उक्त समिति गठनपछि राम नगर क्षेत्रलाई व्यवस्थित बनाउन मदत पुग्ने कावा अध्यक्षले बिश्वास लिएका छन् ।ह



# हार्दिक शुभकामना


यही शनिवार दोलखा-काठमाडौं समन्वय समितिको सम्पन्न भेलाले पेमा साङ्वो शेर्पाको अध्यक्षतामा चयन हुनु भएका सम्पूर्ण पदाधिकारीहरुलाई सफल कार्यकालको शुभकामना तथा हार्दिक बधाइ ज्ञापन गर्दछौं ।



समृद्ध एड एजेन्सी परिवार
एम एण्ड एस ट्रेड एण्ड सप्लाइस परिवार
सितापाइला छाउने विद्युतीय परिवहन सेवा प्रा.लि परिवार
जनआकाश मिडिया प्रा.लि परिवार





जनआकाश मिडिया प्रा.लि.का लागि प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस